मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

**सूचना**

१. भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।
२. घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २४ ◆ अङ्क : ३४० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक १९ गते मंगलवार (Tuesday, November 5. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## दहीझोडा वनले दियो घर

**अर्जुनधारा, कात्तिक १८।** झापाको अर्जुनधारा-४स्थित दहीझोडा सामुदायिक वन उपभोक्ता समूहले विपन्न तीन जना उपभोक्तालाई आवास निर्माण गरिदिएको छ ।

समूहको गरिबी निवारण कार्यक्रम अन्तर्गत निर्माण गरिएको उक्त आवासको साँचो सोमबार आयोजित एक कार्यक्रमका बीच उनीहरुलाई हस्तान्तरण गरिएको छ । समूहका अध्यक्ष खगेन्द्रकुमार सुब्बाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले उक्त साँचो हस्तान्तरण

*(बाँकी अन्तिम पृष्ठमा)*

# महरा अब कारागारमा

### सांसदबाट निलम्बित, पत्रकार शिवाकोटीबिरुद्धको मुद्दा हाँस्यास्पद

**झापा, कात्तिक १८।** संसद् सचिवालयमा काम गर्ने एक महिला कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोपमा पक्राउ परेका निवर्तमान सभामुख कृष्णबहादुर महरा पुर्पक्षका लागि जेल चलान भएका छन् ।

जिल्ला अदालत काठमाडौंले महरालाई पुर्पक्षका लागि जेल चलान गर्न आदेश दिएको हो । महराविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले बिहीवार दायर गरेको मुद्दामा आइतवार र सोमबार थुनछेक बहस भएको थियो । जिल्ला न्यायाधीश सुदर्शनराज पाण्डेको एकल इजलासले महरालाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको हो । अदालतको आदेशसँगै महरालाई डिल्लीबजार कारागार चलान गरिएको छ ।



जिल्ला अदालतमा शुक्रवार महराको बयान भएको थियो । बयानमा महराले पीडित भनिएकी रोशनी शाहीको डेरा रहेको क्षेत्रमा आफू गएको तर, उनको डेरामा प्रवेश नगरेको बयान दिएका थिए । बलात्कार प्रयासको आरोप लागेपछि महराले सभामुख पदबाट राजीनामा दिइसकेका छन् । उनलाई सभामुखको सरकारी निवास बालुवाटारबाट गत असोज १९ गते दशैंको महाष्टमीको दिन पक्राउ गरिएको थियो ।

मुलुकी अपराध संहिता २०७४ अनुसार बलात्कार उद्योगको आरोपमा साढे ३ वर्षदेखि ५ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । सार्वजनिक ओहदाको दुरुपयोग गरी अपराध गरेको भन्दै सरकारी वकिल कार्यालयले महरालाई हुने सजायमा डेढ गुणा थप गर्न पनि माग दावी गरेको थियो ।

यसैबीच बलात्कार प्रयास अभियोगमा जेल चलान भएपछि निवर्तमान सभामुख महराको सांसद पद स्वतः निलम्वित भएको छ । गत असोज १२ गते संसद सचिवालयकै कर्मचारी रोशनी शाहीलाई बलात्कार अभियोग लागेपछि सत्तारुढ नेकपाले सभामुख र सांसद दुवै पदबाट राजीनामा दिनुपर्ने निर्णय लिएको थियो । तर, महराले सभामुख पदबाट राजीनामा दिए पनि सांसद पद छाड्न अस्वीकार गरेका थिए ।

नेपालको प्रचलित कानून अनुसार करणीसहितका फौजदारी अभियोगमा पक्राउ परेका सांसदको पद आरोप

*(बाँकी अन्तिम पृष्ठमा)*

## हराएको ६० वर्षपछि काजकिरिया



**राजगढ, कात्तिक १८।** बाह्रदशी गाउँपालिका-३ निवासी राममकृष्ण उप्रेतीको हराएको ६० वर्षपछि काजकिरिया गरिएको छ ।

२०१६ सालमा ४० वर्षको उमेरमा भारतको आसाम जान्छु भन्दै घरबाट हिँडेका उप्रेती घर नफर्किएपछि उनको काज किरिया गरिएको हो । हिन्दू संस्कार अनुसार कात्तिक १६ गतेदेखि उनको विधिवत रुपमा काजकिरिया थालिएको हो ।

कुसको शव वनाएर घाग्रा खोलामा अन्त्येष्टि गरिएपछि उनका छोरा बल्लभमणि उप्रेतीले काजकिरिया गरिरहेका छन् । त्यस्तै उनका चार छोरीहरुमध्ये माइली कृष्णमाया र कान्छी पद्माले काजकिरिया गरिहेका छन् । श्रीमती अपमानसहित दुई छोरीहरु जेठी विष्णुमाया र साइँली नरमायाको यस अघि नै मृत्यु भइसकेको बाह्रदशी गाउँपालिका-३की जनप्रतिनिधि लक्ष्मी निरौलाले जानकारी दिइन् । उनी १९७६ सालमा जन्मिएका थिए ।

## अनुमति नलिई सूर्तिजन्य पदार्थ बिक्री

**बिर्तामोड, कात्तिक १८।** सरकारले २०७३ साल पुस मसान्त भित्र सूर्तिजन्य पदार्थ बिक्री वितरणका लागि अनिवार्य रुपमा इजाजत लिन आग्रह गरे पनि झापाका कुनै पनि व्यवसायीले इजाजत लिएका छैनन् ।

इजाजत बिना नै अहिले झापाका गाउँदेखि शहरसम्म खुलमखुल्ला रुपमा सूर्तिजन्य पदार्थ बिक्री वितरण भइरहेको छ । सार्वजनिक स्थानमा सूर्तिजन्य पदार्थ बिक्री वितरण तथा सेवन गर्नु दण्डनीय भए पनि खुलेआम रुपमा सूर्तिजन्य पदार्थ विक्री वितरण तथा सेवन हुने गरेको सरकारी निकायका एक अधिकारीले बताए ।

झापाको बिर्तामोडमा सोमवार आयोजित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी अभिमुखीकरण कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै उपसचिव पुष्कर नेपालले सार्वजनिक स्थलमा धुमपान गर्नु, १८ वर्षमुनिका बालबालिककालाई सूर्तिजन्यवस्तु विक्री वितरण गर्नु, विद्यालयको १०० मिटरभित्र सूर्तिजन्य पदार्थ विक्री वितरण गर्नु, कानून विपरीत हुने भन्दै त्यस्तो गरेको पाइए कानून बमोजिम कारवाही हुने बताए ।

उनले २०७३ साल पुस मसान्तमै सूर्तिजन्य पदार्थ बिक्री वितरणका लागि इजाजत लिन आग्रह गरे पनि झापाका कुनै व्यवसायीले सूर्तिजन्य पदार्थ विक्रीको अनुमति नलिएको बताए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**फल्याट भाडामा**

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछ्रे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फल्याट भाडामा छ ।

सम्पर्कः ०२३-५४३२४८, ९८०४९९९६९५




**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ कात्तिक १७ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

**कर्मचारी आवश्यकता**

माता पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-१लाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

१) **लेखा अधिकृत** : १ जना
योग्यताः BBS पास वा सो सरह, कम्प्युटरमा दक्ष, सहकारी सम्बन्धी ज्ञान भएको अनुभवीलाई विशेष प्राथमिकता

२) **बजार प्रतिनिधिः** ४ जना
योग्यताः S.L.C. वा सो सरह

**माता पाथीभरा बचत तथा ऋण सहकारी संस्था**
पश्चिम स्टेण्ड लिङ्देन निवास, बिर्तामोड, झापा
फोन नं. ०२३-५४४२४१, ९८५२६७२५९६

**VACANCY ANNOUNCEMENT**

Everest Smart Education Academy
Announces Teacher vacancy for the following post:

| S. No. | Subject | Nos. | Class/Level | Qualification |
|---|---|---|---|---|
| 1 | ECA In-charge | 1 | Class 8 | Bachelor in English |

**Candidates should be:**
1. A graduate from a reputed English school.
2. Able to use computer.
3. Experienced in related field.

Salary: Negotiable as per qualification, experience and ability.
Last Date: 24th Kartik 2076

Everest Smart Education Academy
Birtamode-06, Jhapa
Phone No. 026681140, 9825958999, 9842623904
Email: everestsmartedu.32@gmail.com

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

नेपाल सरकारको स्वामित्वमा रहेको विगत ५२ बर्षदेखि निरन्तर जीवन बीमा गर्दै आएको राष्ट्रिय बीमा संस्थानले SEE/SLC उत्तीर्ण नेपाली नागरिकहरुलाई रोजगारीको अवसर सिर्जना गर्न प्रदेश नं. १ बिर्तामोडमा **'जीवन बीमा अभिकर्ताको आधारभूत तालिम'** कार्यक्रम सञ्चालन गर्न गइरहेकोले आजै आफ्नो स्थान सुरक्षित गरी स्वरोजगार हुने सुनौलो मौकाको फाइदा उठाउनुहोस् ।

**तालिम मितिः** २०७६ कात्तिक २४-२६ गते
**न्यूनतम् योग्यताः** १८ बर्ष पूरा भई न्यूनतम् SEE/SLC उत्तीर्ण नेपाली नागरिकहरु
**आवश्यक कागजातहरुः**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि- १ थान
२) SEE/SLC उत्तीर्ण लब्धाङ्कपत्र र चारित्रिक पत्रको फोटोकपी १-१ थान
३) फोटो ४ प्रति ४) तालिम शुल्क

**प्रज्ञा घिमिरेः** शाखा प्रमुख, शाखा कार्यालय, बिर्तामोड
०२३-५४१९९५, ९८४९६२८५०७, ९८४२०७३६८५

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
[redacted]र्तामोड-१, झापा (०२३-५४४२६०)

### प्रदेश प्रमुख सिफारिस, माधव नेपालको 'नोट अफ डिसेन्ट'

# मेयरमा पराजित झापाका प्रसाईं प्रदेश ३को प्रमुख



प्रदेश १ सोमनाथ अधिकारी | प्रदेश २ तिलक परियार | प्रदेश ३ विष्णु प्रसाईं | गण्डकी प्रदेश अमिक शेरचन | प्रदेश ५ धर्मनाथ यादव | कर्णाली प्रदेश गोविन्द कलौनी | सुदूरपश्चिम प्रदेश शर्मिला त्रिपाठी

**बिर्तामोड, कात्तिक १८।** झापा मेचीनगरका विष्णु प्रसाई सहित सरकारले सातवटै प्रदेश प्रमुख नियुक्तिका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको छ। मन्त्रिपरिषदको सोमबार अपरान्ह बसेको बैठकले सात प्रदेशका प्रमुखको नाम सिफारिस गरेको हो।

बैठकले सोमनाथ अधिकारी प्यासीलाई प्रदेश १को प्रमुखमा सिफारिस गरेको छ। त्यस्तै प्रदेश २मा तिलक परियार, प्रदेश ३मा बिष्णु प्रसाई, प्रदेश गण्डकीमा अमिक शेरचन, प्रदेश ५मा धर्मनाथ यादव, कर्णालीमा गोविन्द कलौनी र प्रदेश ७मा शर्मिला त्रिपाठीको नाम सिफारिस भएको हो। प्रदेश प्रमुख सिफारिस हुनेमा अधिकारी, यादव, कलौनी र प्रसाईं पूर्वएमाले हुन् भने शेरचन, परियार र त्रिपाठी भने पूर्वमाओवादी हुन्।

पृथ्वीनारायण कास्कीका प्यासी २०४३ सालमा जनपक्षीयतर्फबाट राष्ट्रिय पञ्चायत सदस्य भएका थिए। २०४८ सालमा एमालेबाट सांसद बनेका उनी नेकपाको स्थायी समितिमा आमन्त्रित सदस्य हुन्। २०७४ को चुनावमा उनी पूर्वएमालेको समानुपातिक सूचीमा थिए। राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री ओली निकट प्यासी त्यागी र लोकप्रिय नेताका रूपमा चिनिन्छन्।

अमिक शेरचन राष्ट्रिय जनमोर्चाका अध्यक्ष थिए। माओवादी १० वर्षे युद्ध छोडेर शान्ति प्रक्रियामा आएपछि पार्टी एकता भएको थियो। उनी पूर्वमाओवादीबाट उपप्रधानमन्त्रीसम्म भइसकेका छन्।

ओली निकट मानिने गोविन्द कलौनी भने प्राधानाध्यापकको जागिर छोडेर राजनीतिमा आएका हुन्। उनी २०५१ सालमा डडेल्धुराबाट नेपाली कांग्रेसका नेता शेरबहादुर देउवासँग चुनाव लडेर पराजित भएका थिए। २०६४ सालमा उनी कञ्चनपुरबाट चुनाव लडेका थिए। तर उनी पराजित भएका थिए। उनी धेरैपटक सांसद टिकट पाएर पनि चुनाव हारेका नेतामध्ये पर्छन्। बाँकेका तिलक परियार प्रचण्ड निकट दलित नेता हुन्। पहिलो संविधानसभामा उनीमाओवादीबाट बाँके १का सभासद् भएका थिए।

झापाका विष्णु प्रसाईं यसअघि जिल्ला विकासको उपसभापति भएका थिए। गएको स्थानीय चुनावमा उनी मेची नगरनगरपालिकाको मेयरमा हारेका व्यक्ति हुन्। उनी झापा संघर्षदेखि नै अध्यक्ष ओली निकट हुन्। सिराहाका पुराना नेतामध्ये पर्छन्- धर्मनाथ यादव। पूर्वएमालेका केन्द्रीय सदस्य उनी ओली निकट मानिन्छन्।

काठमाडौंकी शर्मिला त्रिपाठी पूर्वमाओवादी कोटाबाट प्रदेश प्रमुख भएकी हुन्। द्वन्द्वकालमा सुरक्षाकर्मीले बेपत्ता पारेका ज्ञानेन्द्र त्रिपाठी उनका पति हुन्।

यसैबीच मन्त्रिपरिषद् बैठकले सिफारिस गरेका नयाँ सात प्रदेश प्रमुखबारे सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीभित्र असन्तुष्टि देखिएको छ। नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले सचिवालय बैठकले सोमबार बिहान गरेको प्रदेश प्रमुखको सिफारिस गर्ने निर्णयमा 'नोट अफ डिसेन्ट' नै लेखेका छन्। प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले एकलौटी निर्णय गरेको भन्दै नेता नेपालले 'नोट अफ डिसेन्ट' लेखेका हुन्।

नियुक्तिका लागि मन्त्रिपरिषदले राष्ट्रपति कार्यालय पठाइसकेका सात जना प्रदेश प्रमुखमा नेकपा अध्यक्षद्वय ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले भागबन्डा गरेका छन्। तीमध्ये ४ जना ओली पक्षका छन् भने तीन जना प्रचण्ड पक्षका।

## कमजोरी सुधार्नु पर्छः प्रवक्ता श्रेष्ठ

**झापा, कात्तिक १८।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले सरकार जनताको जीवन फेर्ने र विकास गर्ने अभियानमा जुटेको बताएका छन्।

नेकपा झापाको प्रचार विभागले सोमवार बिर्तामोडमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले जनतासँग पार्टीले गरेका बाचा र जनाकांक्षा पूरा गर्ने अभियानमा सरकार जुटेको बताएका हुन्।



उनले भने - राजनीतिक क्रान्तिलाई समृद्धिसँग जोड्ने काम भइरहेको छ। सरकार सञ्चालनका दुई वर्षमा धेरै काम भएका उल्लेख गर्दै उनले केही कमी कमजोरी भए त्यसलाई सुधार्दै लगिने बताए। उनले भने- दुई वर्षको अवधिमा धेरै काम भएका छन्, अझ धेरै गर्न बाँकी छन्, केही कमीकमजोरी भएका होलान्, त्यसलाई सुधार्नुपर्छ। पार्टी एकताका सन्दर्भमा प्रवक्ता श्रेष्ठले साङ्गठनिक संरचना एकीकरण चाँडै सम्पन्न हुने बताए। पत्रकार सम्मेलनको सञ्चालन नेकपा झापाका सचिव बिजय साम्पाङ राईले गरेका थिए।

## सिक्किम सेमीमा

**बिर्तामोड, कात्तिक १८।** भारतको पाहुना टोली सिक्किम आक्रमण एफसी अन्नपूर्ण हाम्रो पूर्वाञ्चल अन्तर्राष्ट्रिय गोल्डकपको सेमीफाइनल खेलमा प्रवेश गरेको छ।

बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा सोमबार भएको पहिलो क्वाटरफाइनल खेलमा मोरङ जिल्ला लिग च्याम्पियन बेलबारी एफसीलाई ३-२ गोलअन्तरले पराजित गर्दै सिक्किमले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो।

खेलको म्यान अफ द म्याच सिक्किमका दुई गोलकर्ता रोहन राई घोषित भए। उनलाई झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङले पुरस्कार स्वरुप नगद १० हजार प्रदान गरे। जायोन स्पोर्टस् क्लब झापाले आयोजना गरेको गोल्डकपमा नेपाल र भारतका १० टिम सहभागी छन्। मंगलबार नेपाल पुलिस क्लबले अर्को विभागीय टोली एपीएफसँग भिड्नेछ।

## सवारी दुर्घटना दुई जनाको मृत्यु

**मोरङ, कात्तिक १८।** मोरङको बूढीगंगा गाउँपालिका-१ शान्तिचोकमा भएको सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ।

सोमवार बिहान पौने ८ बजेको समयमा दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको को१ख ७२२५ नम्बरको यात्रुबाहक बसले बिपरीत दिशाबाट आउँदै गरेको को२७प १०२२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक बूढीगंगा गाउँपालिका-४का ५२ बर्षीय सुवालाल माझी र पछाडि सवार २६ बर्षीय अञ्जली माझी घाइते भइ उपचारको लागि बिराट मेडिकल कलेज गंगाचोक लगिएकोमा उपचारमा संग्लग्न चिकित्सकले मृत घोषणा गरेका थिए। बस चालक सिराहाको धनगढी माई नगरपालिका-१२ बस्ने ३४ बर्षीय सञ्जीव खत्री, बस तथा मोटरसाइकल इलाका प्रहरी कार्यालय नेमुवाको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## अर्जुनधारामा मानव अधिकार समूह



**अर्जुनधारा, कात्तिक १८।** मानव अधिकार र सामाजिक न्यायका निमित्त झापाको अर्जुनधारामा नगर स्तरीय मानव अधिकार समूह गठन भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) प्रदेश कार्यालय विराटनगरको आयोजनामा सोमबार सम्पन्न भेलाबाट चन्द्र सुवेदीको अध्यक्षतामा १७ सदस्यीय समिति गठन भएको इन्सेकका स्थानीय सहजकर्ता राजन साम्पाङले जानकारी दिए।

नवगठित समितिको उपाध्यक्षमा रीना मगर, सचिवमा विष्णु आचार्य, सहसचिवमा शुभद्रा गेलाल र कोषाध्यक्षमा सीता कँडेल चयन भएका छन्। त्यसैगरी समितिको सदस्यहरुमा अनारुल मोहम्मद, अशोक वान्तवा राई, एकदेव खनाल, जीना लिम्बू, झुमा घिमिरे, पशुपति घिमिरे, मुना भट्टराई, राज खम्बू, राजकुमार लोहार, विष्णु प्रसाईं, सीता भारती र सुशीला गिरी रहेका छन्।

शिक्षा, स्वास्थ्य, खाद्य तथा आवासको अधिकारका सवालहरुमा स्थानीय सरकारसँगको समन्वय, सहकार्य र साझेदारीमा स्थानीय नागरिकहरुलाई सचेत बनाउँदै राज्यले प्रवाह गरेको सेवा सुविधामा पछि परेका समुदायका व्यक्तिहरुको अधिकारमा पहुँच वृद्धि र निर्णायक प्रक्रियाहरुमा सक्रिय सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले उक्त समूह गठन गरिएको हो।

इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षता र अर्जुनधारा नगरपालिकाका नगर प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कार्यक्रमको औचित्यसहित स्वागत इन्सेक झापाका प्रतिनिधि नरेश खातीले गरेका थिए। कार्यक्रमको सञ्चालन स्थानीय सहजकर्ता साम्पाङले गरेका थिए।

### महरा ...

प्रमाणित नभएको अवस्थासम्मका लागि स्वतः निलम्बन भएको मानिन्छ। सांसद पद रहे पनि त्यसबापतको सेवा सुविधा दिइँदैन। आरोप प्रमाणित भएमा अर्थात् दोषी ठहर भएमा सांसद पद स्वतः जान्छ, महरा सांसद रहिरहँदैनन्। उनी दाङबाट निर्वाचित भएका थिए।

यसैबीच स्वतन्त्रता मञ्च (फ्रिडम फोरम)ले सोमबार एक विज्ञप्ति जारी गर्दै निवर्तमान सभामुख महराको विषयमा समाचार प्रकाशन गर्ने पत्रकार अजयबाबु शिवाकोटीबिरुद्ध कुनै कदम नउठाउन प्रहरीलाई आग्रह गरेको छ।

हाम्रा कुरा डटकमका सम्पादक समेत रहेका शिवाकोटीविरुद्ध आफ्नो अनुमति बिना युट्युब च्यानलमा आफ्नो अन्तर्वाता प्रशारण गरेको भन्दै रोशनी शाहीले साइबर अपराध अन्तर्गत मुद्दा दर्ता गराएको बताइएको छ।

अदालतले समेत पुर्पक्षका लागि जेल चलान गरेको भन्दै यस्तो अवस्थामा पत्रकार शिवाकोटी विरुद्ध मुद्दा दर्ता गर्नु पत्रकारितामाथि गम्भीर प्रहार भएको भन्दै विज्ञप्तिमा भनिएको छ-प्रहरी स्वयम्ले सो अनुसन्धानमा प्रकाशित समाचारका आधारमा थप अनुसन्धान गरी महराबिरुद्ध तथ्य संकलन गर्दै अदालतमा बलात्कार प्रयासको मुद्दा चलाइरहेको सन्दर्भमा तथ्य-सत्य सार्वजनिक गर्ने पत्रकार शिवाकोटीविरुद्ध नै शाहीले प्रहरीलाई निवेदन गर्नु आफैंमा हाँस्यास्पद देखिन्छ। साथै, निष्पक्ष न्याय सम्पादन प्रक्रियालाई प्रभावित पार्ने दुरासयले तत्कालको प्रमाणलाई आधारहीन र सत्य समाचारलाई झुठो देखाउने दुष्प्रयत्न अन्तर्गत निवेदन गरिएको देखिन्छ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालद्वारा हस्ताक्षरित विज्ञप्तिमा शाहीको उजुरी पूर्वाग्रही भएको उल्लेख गरिएको छ।

### अनुमति ...

उनले तत्काल अनुगमन गरेर कारवाहीको दायरामा ल्याउन अनुगमन समितिका अध्यक्ष समेत रहेका सहायक प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरे। उनले सात सय ४३ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी समितिको अध्यक्ष हुने भन्दै सबै स्थानीय तहलाई अनुगमनलाई तीव्रता दिन उपसचिव नेपालले आग्रह गरे।

त्यस्तै सूर्तिजन्य पदार्थबाट लाग्ने रोग र त्यसले पार्ने प्रभावका विषयमा प्राध्यापक डा. विष्णु दत्त पौडेलले कार्यपत्र प्रस्तुत गरेका थिए। उनले सूर्तिजन्य पदार्थको प्रयोगबाट क्यान्सर जस्ता प्राणघातक रोगहरु लाग्न सक्ने भन्दै सचेत रहन आग्रह गरे।

कार्यक्रममा सहकारी अभियन्ता समेत रहेकी इन्दिरा पन्तले वित्तीय तथा स्वास्थ्य साक्षरता सम्बन्धी आफ्नो कार्यपत्र प्रस्तुत गरेकी थिइन्।

कार्यक्रममा झापाका प्रहरी प्रमुख दीनेशराज मैनालीले कुलतबाट कसरी जोगिने र कस्ता विषयमा ध्यान दिने भन्ने विषय समेटिएको विद्यार्थीलाई वितरित चिट्ठी वाचन गरेका थिए।

जनसंख्या मन्त्रालयको आयोजना तथा नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र एक्सन नेपालको सहआयोजनामा भएको कार्यक्रममा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी विभिन्न कार्यपत्रहरु प्रस्तुत गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका पूर्वउपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ प्रकाशले सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्वन्धी अभिमुखीकरण कार्यक्रममा विद्यार्थी तथा सहकारी क्षेत्रका विभिन्न व्यक्तिलाई बोलाएर सचेतनामूलक कार्यक्रम गरेको बताए। उनले समाज सुधारका लागि हरेक क्षेत्रमा सकारात्मक सोच र सचेतनामूलक कार्यक्रम अगाडि बढाउनुपर्ने बताए।

### दहीझोडा ...

गरेका थिए।

समूह अन्तर्गत रहेको हरियाली महिला बचत तथा ऋण परिचालन समूहमार्फत निर्माण भएको सबै आवासको जम्मा लागत पाँच लाख ३१ हजार सात सय ४८ रुपैयाँ रहेको छ। नवनिर्मित आवासमा बरण्डासहित दुई वटा कोठा रहेका छन्।

समूहकी सचिव निरामाया तामाङकी अनुसार आवास पाउने विपन्न उपभोक्ताहरुमा क्षेत्र नम्बर १ टोल नम्बर २२की लता दनुवार, क्षेत्र नम्बर २ टोल नम्बर २९की शोभा काफ्ले र क्षेत्र नम्बर ३ टोल नम्बर २०की कृष्णमाया सार्की छन्।

कार्यक्रममा अर्जुनधारा-४का वडाध्यक्ष दुर्गाप्रसाद दाहाल, वडा सदस्य धनबहादुर विश्वकर्मा, सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, पूर्व अध्यक्षद्वय अम्बर कटुवाल र प्रेमबहादुर कार्की, सल्लाहकार सदस्यद्वय अमृत बुढाथोकी र गुह्येश्वरी कार्की, सिंहबाहिनी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रराज अधिकारीलगायतको आतिथ्य रहेको थियो।

हरियाली महिला बचत तथा ऋण परिचालन समूहकी संयोजक सरिता राईले आवास निर्माणको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष रामप्रसाद गिरीले र कार्यक्रमको सञ्चालन सचिव तामाङले गरेकी थिइन्। यसअघि सोही कार्यक्रममार्फत् समूहले विपन्न उपभोक्ताहरुलाई खाट बितरण, शौचालयको प्यान वितरण, सोलार प्यानल वितरण, तरकारी खेती, विद्युत् वायरिङ तालिम, माइन्यूट लेखन तालिम, विद्यार्थीहरुको लागि निःशुल्क कम्प्युटर तालिमलगायत सञ्चालन गरेको थियो।


## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक प्रेस हाउसको लागि खसी र कुखुराको मासु बनाउन जान्ने एक जना कर्मचारी तु-चाहियो।

तलबः १२०००+खाना/बस्न

सम्पर्कः ९८१७०७६०४६

## Private / Open SEE 2076

प्राईभेट SEE, कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो।

कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन्।

पाइथागोरस एजुकेशन फाउण्डेशन

अतिथि सदन रोड, बिर्तामोड

फोन. 023-544975, मो.नं. 9807927033

## होटल तु-बिक्रीमा

बिर्तामोडस्थित विएण्डसी हस्पिटल अगाडि, महेन्द्र राजमार्गसँग जोडिएको म:म हाउस एण्ड सेकुवा कर्नर तु-बिक्रीमा छ।

सम्पर्कः ९८१४९९७८८७

## झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा झापा

१ नं. प्रदेश नेपाल

## सिप परीक्षण तथा अन्तरवार्ता सञ्चालन सम्बन्धी सूचना

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सामाजिक सुरक्षा तथ व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहमा रहने सेवा केन्द्रमा रही कामकाज गर्न यस गाउँपालिकाका तपसिल बमोजिमका उम्मेद्वारहरु एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदको संक्षिप्त सूची (Short List) मा पर्न सफल भएकाले देहाय बमोजिमको मिति र समयमा सीप परीक्षण तथा अन्तरवार्ता हुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिलः**

(क)एम.आइ.एस. अपरेटरको संक्षिप्त सूची :

| क्र.सं. | रोल नं. | उम्मेद्वारको नाम | बाबुको नाम | सिप परीक्षण | अन्तरवार्ता | कै |
|---|---|---|---|---|---|---|
| १ | ४७३८६ | केसव बा. विष्ट | विर्ख बा. विष्ट | २०७६।०७।२६ गते मंगलबार बिहान ८:०० बजे | २०७६।०७।२६ गते मंगलबार बिहान ९:०० बजे | |
| २ | ५५६७६ | मनोज कुमार मंडल | प्रल्हाद मंडल | | | |
| ३ | ७६१७ | रोहित कुमार कर्ण | प्रदिप लाल कर्ण | | | |
| ४ | ४३३७२ | सुजन बुढाथोकी | अकाजङ्ग बुढाथोकी | | | |

(ख) फिल्ड सहायकको संक्षिप्त सूची :

| क्र.सं. | रोल नं. | उम्मेद्वारको नाम | बाबुको नाम | अन्तरवार्ता | कै |
|---|---|---|---|---|---|
| १ | ५९५१५ | ईन्दिरा बुढाथोकी | अकाजङ्ग बुढाथोकी | २०७६।०७।२६ गते मंगलबार बिहान ९:३० बजे | |
| २ | ५१७४ | पुष्पा विष्ट | चन्द्र बा. विष्ट(क्षेत्री) | | |
| ३ | ५२११४ | विशाल कंडेल | कृष्ण बा. कंडेल | | |

**पुनश्चः उमेद्वारहरुको अन्तरवार्तामा उपस्थित हुनु पूर्व आफूले दरखास्त साथ पेश गरेका सम्पूर्ण कागजातको सक्कलसहित उपस्थित हुनुपर्ने छ।**

प्रमुख प्रशासकीय अधिकृत

## लेखापाल आवश्यकता

यस प्रालिको लागि एक जना लेखापाल कर्मचारीको आवश्यकता भएकोले निम्न योग्यता भएका इच्छुक नेपाली नागरिकले २०७६ कात्तिक मसान्तभित्रमा आफ्नो बायोडाटासहित हस्तलिखित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**शैक्षिक योग्यता :**
स्नातक तह उत्तीर्ण (व्यवस्थापन संकाय) भएको हुनुपर्नेछ।

**वाञ्छनीय योग्यता :**
कम्प्युटर सम्बन्धी विशेष ज्ञान भएको हुनुपर्नेछ।

**कामको अनुभव :**
सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव भएको हुनुपर्नेछ।

**तलब :** कम्पनीको नियमानुसार, स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।

मातृभूमि भलाई एण्ड इन्भेष्टमेन्ट प्रा.लि.

बिर्तामोड, झापा (फोनः ०२३-५४३६९१)

Email: matribhumibhalaai@gmail.com

## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला।

**मोटरसाइकल हुनुपर्नेछ। तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ।**

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७६

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# प्रदेश प्रमुखको बर्खास्ती र आशंका

**सरकारले संघीयताको कार्यान्वयनका क्रममा नियुक्त गरेका प्रदेश प्रमुखहरुलाई एकसाथ पदमुक्त गरेको छ । पाँच वर्षे कार्य अवधि भएका उनीहरु वाइस महिना मै पदमुक्त भएका हुन् । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले नियुक्त गरेका उनीहरुलाई दलीय आवद्धताको निहुँमा बर्खास्त गरिएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले आरोप लगाएको छ । आइतबार बसेको मन्त्री परिषद्को बैठकले सिफारिस गरे लगत्तै राष्ट्रपति विद्यादेवी भण्डारीले सातवटै प्रदेशका प्रमुखहरुलाई बर्खास्त गरिन् । सरकारको सिफारिस लगत्तै त्यसको औचित्य र आवश्यकताका विषयमा अध्ययन नै नगरी भएको बर्खास्तीलाई सरकार र राष्ट्र प्रमुखको पूर्वाग्रही र अलोकतान्त्रिक चरित्र भन्दै कांग्रेसले आपत्ति समेत प्रकट गरेको छ ।**

**त्यसो त सरकारद्वारा नियुक्त भएका व्यक्ति सरकार परिवर्तनसँगै परिवर्तित हुने राजनीतिक उपक्रम नै हो । त्यसैले अघिल्लो सरकारद्वारा नियुक्त व्यक्ति बर्खास्त गरिनु सामान्य नै होला/मानिएला । केही संविधान तथा कानूनविद्हरुले सरकारको यस्तो निर्णयलाई संविधान विपरीतको चरित्र भनी टिप्पणी गरेका छन् । त्यस्तै केहीले भने संविधानकै व्यवस्था अनुरुप प्रदेश प्रमुखहरुलाई हटाइएको भन्दै सरकारको बचाव गरेका छन् । आम जनता यी र यस्ता गतिविधिसँग निरपेक्ष हुन्छन्, त्यसले पार्ने तत्कालीन वा दूरगामी असर वा प्रभावका बारेमा जान्दैनन् । त्यसकारण पनि उपनिर्वाचनको मुखमा सरकारले गरेको यो निर्णयले संघीयतालाई बलियो बनाउन कति महत्व राख्छ वा के परिणाम दिन्छ सचेत नागरिकले चनाखो हुनै पर्छ ।**

**प्रदेश प्रमुख हटाउने हतारको निर्णयलाई प्रतिपक्ष नेपाली कांग्रेस सरकारको सर्वसत्तावादतिरको अभ्यास भनी कडा टिप्पणी गरेको समय राष्ट्रपति कार्यालयले भने संविधानको धारा १६५ को उपधारा १ को खण्ड 'ख' अनुसार नै उनीहरुलाई पदमुक्त गरेको जनाएको छ । आउँदो मंसीरमा देशभरका रिक्त प्रतिनिधि सभा, नगरपालिका र गाउँपालिकामा रिक्त रहेका पदहरुको निर्वाचन हुँदैछ । निर्वाचन घोषणा भइसकेपछि भएको यो निर्णयले संवैधानिक अन्यौल ल्याउने र आचारसंहिता समेत उल्लंघन भएको सामान्य बुझाइ छ । सरकार आफैले आचारसंहिताको उल्लंघन गर्न उद्दत रहने हो भने 'लाठी हुनेको भैंसी' उखान चरितार्थ भएको ठहरिन्छ । तत्कालीन सरकारद्वारा नियुक्त प्रदेश प्रमुखहरु कुनै दल निकट होलान् तर नियुक्ति भएपछिका उनीहरुबाट सञ्चालित काम र निर्णयमा त्यसको गन्ध अनुभूत गरियो–गरिएन, तर्कले सिद्ध गर्नु पर्थ्यो कि ! अथवा उनीहरुलाई गुण–दोषका आधारमा दण्डित वा पुरस्कृत गर्नुपर्थ्यो त्यो भविष्यले भन्ला ! तर, एकैसाथ सबैको बर्खास्तीले संवैधानिक रिक्तता र आसन्न उपनिर्वाचनको नैतिक बन्धनलाई कसरी सम्बोधन गर्छ आशंका उब्जाएको छ । सरकार र सरकार सम्बद्ध दलका नेताहरुले प्रदेश प्रमुखहरुको बर्खास्तका बारेमा भनेका र वचावमा दिएका तर्कहरुले राजनीतिक संकट ननिम्त्याओस् त्यसतर्फ सरकार गम्भीर हुनैपर्छ । अन्यथा हजारौंको बलिदानबाट प्राप्त लोकतन्त्र, संघीयता र गणतन्त्रात्मक नेपालको भविष्य कालो बादलले छोप्ने डर रहन्छ । त्यसतर्फ सबै जिम्मेवार व्यक्ति र संस्थाले सचेत रहनै पर्छ ।**

# लैङ्गिक उत्तरदायी बजेट अवधारणा, विकासक्रम र नेपाल

**भुवन ज्ञवाली**

**विषय प्रवेशः**

समाज सामाजिक मानकका विभिन्न अवयवहरु द्वारा निर्धारण र निर्माण भएका हुन्छन् । समाजका विभिन्न मानक निर्माण गर्ने सामाजिक प्राणीभित्र मानव पनि एक महत्वपूर्ण अवयव हो । एउटा मानवको रूपमा महिला र पुरुष समान (Equal) हुन् । तर, उस्तै (Same) भने होइनन् । महिला र पुरुषबीच हुने जैविक भिन्नताका आधारमा उनीहरूका आवश्यकता पनि फरक-फरक हुन सक्दछ । फरक-फरक आवश्यकतालाई सम्बोधन गर्न राज्यको मुख्य दायित्व हो । यसका लागि लैङ्गिक उत्तरदायी बजेटले महिला र पुरुषका फरक-फरक आवश्यकतालाई सम्बोधन गर्दै लैङ्गिक मूल प्रवाहिकरण गर्ने र अन्तत्वगत्वा लैङ्गिक समानता कायम गर्ने ध्येय राखेको हुन्छ ।

**लैङ्गिक उत्तरदायी बजेटको परिभाषा :**

लैङ्गिक उत्तरदायी बजेटलाई शाब्दिक अर्थमा हेर्दा 'लैङ्गिक' शब्दले महिला र पुरुषमा रहेको जैविक भिन्नतालाई, महिला वा पुरुषको कमजोरी वा योग्यता ठानी सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक तरिकाले समाजद्वारा महिला र पुरुषका लागि निर्धारित गर्ने गरिएको भूमिकामा आधारित पहिचान हो - लैङ्गिक ।

कुनै निश्चित अवधिका लागि राज्यलाई आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले योजनाबद्ध रूपमा लैङ्गिक विश्लेषण सहित आर्थिक श्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रिया नै लैङ्गिक उत्तरदायी बजेट पद्धति हो ।

लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणको साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्धरुपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो । लैङ्गिक समानता र आर्थिक उन्नतिबिच अर्थपूर्ण सम्बन्ध रहेको हुन्छ । त्यसैले विकास र लगानीका उपलब्धिहरूमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन विशेष कार्यक्रमहरू र सोको लागि श्रोतको सुनिश्चितता गर्नु अपरिहार्य हुन्छ । यस प्रयोजनको लागि लैङ्गिक उत्तरदायी बजेटलाई एउटा महत्वपूर्ण औजारको रूपमा लिइन्छ ।

**विश्वमा लैङ्गिक उत्तरदायी बजेटको विकासक्रम :**

लैङ्गिक उत्तरदायी बजेटको विकासक्रमलाई नियाल्दा सर्वप्रथम सन् १९८४ मा अस्ट्रेलियाबाट शुरु भएको देखिन्छ महिला बजेटको रूपमा । खासगरी सन् १९९५ मा संयुक्त राष्ट्रसंघले आयोजना गरेको बेइजिङ सम्मेलन र सन् २००० को बेइजिङ जोड पाँच सम्मेलन पश्चात् लैङ्गिक उत्तरदायी बजेटको अवधारणाले विश्वको ध्यानाकृष्ट गरेको पाइन्छ । महिला बजेट (Women Budget), लैङ्गिक बजेट (Gender Budget), लैङ्गिक संवेदनशील बजेट (Gender Sensitive Budget), लैङ्गिक बजेट पहल (Gender Budget Initiative), लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) जस्ता नामले हाल विश्वका ९० मुलुकहरूमा यो बजेट लागू भएको देखिन्छ । अन्य मुलुकहरूमा पनि यो बजेट लागू गर्ने प्रयास भइरहेको पाइन्छ ।

महिलाहरू पुरुषको तुलनामा शिक्षा स्वास्थ्य लगायतका आधारभूत जीवनोपयोगी सुविधाबाट पछि परेको विश्वव्यापी आँकलनका बीच सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चिनेको वेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलन (बेइजिङ सम्मेलन) मा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा क्षेत्रहरूमा परिवर्तनको प्रतिबद्धता व्यक्त गरेको थियो । सोको पाँच वर्षपछि समीक्षा गर्दा बेइजिङ सम्मेलनले तय गरेका प्रतिबद्धता अनुसार वित्तीय विनियोजन नभएकाले अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको निष्कर्ष निकालेको थियो । तत्पश्चात् लैङ्गिक समानता हासिल गर्न बजेटको पनि व्यवस्था गर्नुपर्ने महशुस भई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको प्रयोगमा विश्वको ध्यान आकृष्ट भएको हो ।

**नेपालमा लैङ्गिक उत्तरदायी बजेटको विकासक्रमः**

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको विकासक्रमलाई हेर्दा छैटौँ योजना (२०३७/०४२) देखि महिला विकासका विषयलाई विकास योजनामा समावेश गर्न थालिएको र नवौं योजना (२०५४/०५९) देखि लैङ्गिक समानता र सशक्तीकरणको नीति अवलम्बन गर्दै आएको पाइन्छ ।

आर्थिक वर्ष २०६२/०६३ को बजेट वक्तव्यमा लैङ्गिक समानता प्रति नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोच व्यक्त भएपश्चात् सो प्रक्रियालाई संस्थागत रूप दिन अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समितिको गठनको व्यवस्था भएपछि नेपालमा औपचारिक रूपमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रक्रिया शुरु भएको देखिन्छ । आ.व.२०६४/०६५ को बजेटदेखि बजेट लैङ्गिक वर्गीकरण (प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ) गरी बजेटलाई मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको देखिन्छ ।

**लैङ्गिक उत्तरदायी बजेटको आवश्यकता**

लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिला र पुरुष दुवैका आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गरिने बजेट भन्ने बुझिन्छ । बजेटमा नीति, कार्यक्रम, बजेट तथा खर्चमा लैङ्गिक संवेदनशीललाई सम्बोधन गर्ने प्रयास गरिएको हुन्छ । लैङ्गिक उत्तरदायी बजेट नतिजा उन्मुख बजेट प्रणाली हो र लैङ्गिक समानताको नीति एवं समष्टिगत आर्थिक नीतिकाबीच समन्वय स्थापित गर्ने महत्वपूर्ण औजार पनि हो ।

यो महिलाका लागि मात्र छुट्टै बजेट निर्माण प्रक्रिया होइन । बजेट तथा कार्यक्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया हो । महिला र पुरुषका बीचमा रहेको अधिकार (Right) जिम्मेवारी र (Responsibility) र परिमाण (Result)को विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्याङ्कन गरिन्छ ।

उत्तरदायी शब्दले जैविक तथा समाजले निर्धारण गरेको भूमिकामा रहेको सकारात्मक र नकारात्मक पक्षलाई समानताका रूपान्तरण गर्नका लागि कार्यक्रममा विचार पुऱ्याउनुपर्ने लैङ्गिक संवेदनशीलताको पक्षलाई जनाउँछ । तटस्थतामा आधारित भएर निर्धारण गरिने कार्यक्रमबाट परापूर्वकालदेखि विभेदमा रहेका महिलाहरूले पुरुष सरह सञ्चालन गर्ने कार्यक्रमले महिला र पुरुषका आवश्यकता तथा सरोकारहरूलाई सम्बोधन गर्ने गरी उत्तरदायी बन्नुपर्ने आवश्यकतालाई इङ्गित गर्दछ ।

आर्थिक वर्ष २०६४/०६५ देखि शुरु भएको लैङ्गिक उत्तरदायी बजेटको हालसम्म विनियोजन भएको रकम तथा प्रतिशतः

| आर्थिक वर्ष | प्रत्यक्ष उत्तरदायी | अप्रत्यक्ष उत्तरदायी | तटस्थ | जम्मा |
|---|---|---|---|---|
| २०७६/७७ | ५८५.२० अर्ब (३८.१७%) | ५४५.०६ अर्ब (३५.५६%) | ४०२.७० अर्ब (२६.२७%) | १५३२.९६ |
| २०७५/७६ | ५०८.३७ अर्ब (३८.६५%) | ४५०.८० अर्ब (३४.२८%) | ३५५.९९ अर्ब (२७.०७%) | १३१५.१६ |
| २०७४/७५ | ४७८.५८ अर्ब (३७.४२%) | ४१७.६३ अर्ब (३२.६६%) | ३८२.७२ अर्ब (२९.९२%) | १२७८.९९ |
| २०७३/७४ | २४२.३ अर्ब (२३.१०%) | ५०८.२ अर्ब (४८.४५%) | २९८.४१ अर्ब (२८.४५%) | १०४८.९२ |
| २०७२/७३ | १८३.५१ अर्ब | ३९३.१६ अर्ब | २४३.७९ अर्ब | ८१९ |

अर्थ मन्त्रालयको आ.व. २०६४/०६५ देखि आ.व. २०७६/०७७ सम्मको बजेट वक्तव्यहरूबाट)

**योजना चक्रमा लैङ्गिक उत्तरदायी बजेटः**



चौथो विश्व महिला सम्मेलनद्वारा पारित बेइजिङ कार्य योजना (Beijing Platform for Action)ले लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि अङ्गीकार गरेको १२ सरोकारका हरेक क्षेत्रमा प्रत्येक मुलुकको नीति, योजना संस्थागत व्यवस्था र कार्यक्रमको लैङ्गिक विश्लेषण लेखाजोखा तथा परीक्षणका लागि मार्गदर्शन गरेको र बेइजिङ जोड पाँच तथा बेइजिङ जोड दशका विशेष सम्मेलनले सबै मुलुकका शासकीय प्रणालीलाई लैङ्गिक दृष्टिले संवेदनशील र उत्तरदायी बनाउन अझ व्यवस्थित प्रयास अघि बढाउन मार्गदर्शन गरेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (Convention on Elimination of All Forms of Discrimination against women, 1979) ले वास्तविक र सारभूत लैङ्गिक समानता, लैङ्गिकतामा आधारित सबै विभेदको अन्त्य एवम् लैङ्गिक उत्तरदायी व्यवस्थाको प्रत्याभूतिका लागि राज्यलाई कानूनी तथा नैतिक रूपमा प्रतिबद्ध तुल्याएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनले प्रतिपादन गरेको मर्यादित श्रम (Decent Work) को सिद्धान्तले समेत औपचारिक एवम् अनौपचारिक कार्यमा पूर्ण लैङ्गिक समानताका लागि लैङ्गिक विष्लेषणको अनिवार्यता प्रष्ट पारेको छ ।

यी पृष्ठभूमिमा नेपालमा पनि लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई स्वीकार गरी आ.व. २०६२/०६३ को बजेट वक्तव्यमा लैङ्गिक उत्तरदायी बजेटलाई संस्थागत गर्ने उल्लेख भए अनुरूप लैङ्गिक उत्तरदायी बजेट समितिको गठन भएको र आ.व २०६४/०६५ को बजेटदेखि लैङ्गिक उत्तरदायी बजेट लागू भएको पाइन्छ ।

आ.व. २०६४/०६५ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट 11=30% मात्र थियो भने आ.व. २०७६/७७ सम्म आइपुग्दा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट 38=17% पुगेको देखिन्छ । कूल बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश बढ्दो रूपमा देखिन्छ । तर, यसको उपलब्धि र प्रभाव मूल्याङ्कन भने हुन सकेको छैन । लैङ्गिक असमानता हटाउँदै लैङ्गिक समानता कायम गर्न लैङ्गिक उत्तरदायी बजेट एउटा महत्वपूर्ण औजार हो तथापि यो बजेट कार्यान्वयनमा विभिन्न कानूनी र नीतिगत, संस्थागत र संरचनागत, श्रोतसाधन र व्यवस्थापकीय समस्याका कारण नेपालमा लैङ्गिक उत्तरदायी बजेटले अपेक्षित उपलब्धि हासिल गर्न सकेको अवस्था देखिँदैन । लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा देखिएका समस्याहरूलाई समाधान गर्दै यो बजेटको प्रभावकारिता बढाउँदै लैजानु आजको आवश्यकता हो ।

लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिला र पुरुष दुबैका आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गरिने बजेट भन्ने बुझिन्छ । जुन बजेटमा नीति, कार्यक्रम, बजेट तथा खर्चमा लैङ्गिक संवेदनशीललाई सम्बोधन गर्ने प्रयास गरिएको हुन्छ । लैङ्गिक उत्तरदायी बजेट नतिजा उन्मुख बजेट प्रणाली हो र लैङ्गिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिकाबीच समन्वय स्थापित गर्ने महत्वपूर्ण औजार पनि हो ।

यसर्थ, महिलाका लागि मात्र छुट्टै बजेट निर्माण प्रक्रिया होइन । बजेट तथा कार्यक्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया हो । महिला र पुरुषका बीचमा रहेको अधिकार (Right) जिम्मेवारी र (Responsibility) र परिमाण (Result) को विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्याङ्कन गरी लैङ्गिक समानता कायम गर्न यथेष्टरूपमा सबै पक्षले आफ्नो जिम्मेवारी पूरा गर्न सकेमा परिवार, समाज र राष्ट्रको लागि महिलाले पुऱ्याउने योगदानमा अग्रणी भूमिका रहने कुरामा कुनै दुईमत हुने छैन । *प्रशासन*

## सामाजिक सञ्जाल



भ्रष्टाचार, मानव तस्करी, संगठित अपराध, शक्तिको दुरुपयोग, अवैध धनको ओसारपसार र शुद्धिकरण मामिलामा समाचार खोज्ने, लेख्ने र देखाउने पत्रकारहरु संसारभर आक्रमणमा परेका छन् । पत्रकारलाई बाँच्न र लेख्न देऊ, पत्रकारिता गर्नु अपराध होइन ।

**– शिव गाउँले**



यिनको नियुक्ति नीति र विधि विपरीत भए नियुक्तिकर्ता देउबा दण्डित हुनुपर्ने हो । सात प्रदेश प्रमुख भेडाबाखा झैँ एकसाथ निकालिए । के एकसाथ यिनको नैतिक पतन भाथ्यो वा यी एकसाथ बौलाएका थिए ? अब नेकपा डबलका सात थान भेडाबाखा सट्टा भर्ना होलान् । हुकुमी शासन यस्तैलाई भनिन्छ, होइन र ?

**– खगेन्द्र संग्रौला**

अब त अति भो । अब सरकार र महिला अधिकारकर्मी मात्र होइन, राजनीतिक दलहरु हिंसाविरुद्ध अभियान घोषणा गरी कारवाहीमा उत्रनुपर्दछ । जनानुभूती हुनेगरी सबै किसिमको हिंसाका बारेमा आन्तरिक रुपमा समेत संयन्त्र र आचारसंहिता बनाइ कडाइका साथ कार्यान्वयन थालिनुपर्छ ।

**– विन्दा पाण्डे**

# नेपालमा आध्यात्मिक पर्यटनको आवश्यकता

**-डा. गोबिन्द शरण उपाध्याय**

नेपाल शाक्त, शैव, वैष्णव, जैन, बौद्ध, बोन्पो र किरातीहरूको साझा तीर्थस्थल हो । नेपालका शक्तिपीठहरू, कोटहरू विश्वभरिका शाक्तहरूका तीर्थस्थल हुन् भने पशुपतिनाथसहित



गौरीशङ्कर हिमाल शैवहरूका तीर्थस्थल हुन् । मुक्तिनाथ, जनकपुर, वाल्मीकि धाम, काठमाडौंका नारायण मन्दिरहरू विश्वभरिका वैष्णवहरूका लागि अति आराध्य तीर्थस्थलहरू हुन् । त्यसैगरी जैनहरूका लागि मुक्तिनाथ, पुलहक्षेत्र, जनकपुर पवित्र तीर्थस्थल हुन्, विश्वका हरेक जैन आफ्नो जीवनमा एकपटक यहाँ आउन चाहन्छन् ।

बौद्धहरूका लागि नेपाल ठूलो तीर्थस्थल अरू कहीँ छैन । माथिल्लो डोल्पा, मुस्ताङका केही प्राचीन बोन्पो गुम्बाहरूले विश्वभरिका नृशास्त्री तथा बोन्पोहरूका लागि खोज तथा आराधनाका केन्द्र हुन् भने नयाँ विकसित हुँदै गरेको किराती धार्मिक समूहहरूको आध्यात्मिक क्षेत्र नेपाल नै रहेको छ । यस बाहेक काठमाडौंको नयाँ बजारस्थित प्राचीन नानक मठ विश्वभरिका शिखहरूका लागि पवित्र तीर्थस्थल बन्न सक्छ किनभने मानसरोवरको यात्रामा जाँदा गुरु नानक देवले यहाँ तीन दिन निवास गरेका थिए ।

हामीले उपरोक्त धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक महत्वका केन्द्रहरूको महत्व बुझेका छौँ । यी सबै आध्यात्मिक स्थलहरूको समुचित विकास तथा प्रवर्द्धन लागि सहकार्यमा अग्रसरता लिन प्रेरित गर्नु र सहभागिता सुनिश्चित गर्नु हाम्रो उद्देश्य हो जुन सबैको उद्देश्य हुनुपर्छ ।

नेपाल सरकारले धार्मिक पर्यटनमा आधारित अर्थतन्त्रलाई थोरैमात्र ध्यान दिने हो भने न युवाहरूले आफ्नो यौवन विदेशमा बिताउनुपर्छ न विदेशी बैङ्कहरूबाट अनावश्यक ऋण नै लिनुपर्छ । ऋणले ऋणि उत्पादन गर्छ भने धनले धन नै उत्पादन गर्छ । यत्ति सानो तथ्य बुझे पुग्छ ।

विदेशमा बस्ने नेपालीले भारतीयहरू र विदेशीहरूसँग सहकार्य गर्ने सक्ने यो भन्दा सजिलो विषय केही छैन । एनआरएनहरूमा आफ्नो मातृभूमिप्रति ठुलो माया सम्मान छ भन्ने कुरामा शङ्का छैन । तर, उपरोक्त काममा सहकार्य गर्ने हो भने एनआरएनको महत्व र भूमिका अझै फलदायी हुन्छ । हामी सहकार्य गर्न सघाउन तयार छौँ । नेपाल सरकारले पनि यसलाई महत्व दिएको छ, तर सिद्धान्त र वास्तविकता नमिल्दा अलमलिएको छ ।

सरकारले बुझ्नुपर्छ कि विदेशीहरू हाम्रो देशमा ठूला सिमेन्टका घरहरू वा महँगा कारहरू हेर्न आउने होइनन् । यी सबै हाम्रा आवश्यकता हुन् । तर, धार्मिक तथा सांस्कृतिक पर्यटनको अर्थतन्त्र 'माउन्टेन-राइडिंग' भन्दा धेरै ठूलो र आस्थासँग जोडिएको छ । हामी सबै नेपाल सवाल र सक्षम बनाउन चाहन्छौँ । तर, आफ्नै जरोकिलोमा नउभिएसम्म हाम्रो उद्देश्य सफल हुँदैन किनभने हामीले सफलताका सूत्रहरू बुझ्न नै सकेनौँ । सत्य स्वीकार गरौँ र अगाडि बढौँ ।



फाकफोकथुम-१,घुर्बिसे पञ्चमीस्थित तमाखे भन्ने ठाउँमा १०० केभीए क्षमताको नयाँ ट्रान्समिटर जडान गर्ने स्थानसम्म स्थानीयले लैजाँदै। सडकबाट करिब पाँच सय मिटर तल जोखिम मोल्दै स्थानीयले हातेमालो गर्दै पुऱ्याएका छन् । पटक-पटक लाइन अफ हुने र भोल्टेज कमको समस्या व्यहोर्दै आएका यस क्षेत्रका सेवाग्राहीको समस्य नयाँ ट्रान्समिटर जडानपछि समाधान हुने विद्युत् प्राधिकरण इलामबाट त्यस क्षेत्रका लागि खटिएका प्राविधिक झरेन्द्र लावतीले बताएका छन्। तस्वीर : युद्धबहादुर बोहोरा/पूर्वाञ्चल

# योग शिक्षकहरूमा 'कम्मर दुख्ने समस्या'

**झापा, कात्तिक १८।** लचिलोपन र शारीरिक सन्तुलन लगायतका फाइदाका साथै आध्यात्मिक पाटाका कारण विश्वभरी लाखौंले योग अभ्यास गर्ने गर्छन् । र, यसको अर्थ हो धेरैभन्दा धेरै योग शिक्षकहरूको आवश्यकता ।

तर, योग शिक्षकहरूले आफ्नो कम्मरलाई जोखिममा पारेको हुन सक्ने चेतावनी एकजना चिकित्सकले दिएका छन् । यूकेका एकजना फिजियोथेरापिस्ट बेनोइ म्याथ्युजले आफूले योग शिक्षकहरूमा कम्मरको गम्भीर समस्या देखेको र त्यस्तो हुनेको संख्या बढ्दै गएको बताएका छन् ।

शरीरलाई अत्यधिक बल दिएका कारण ती मध्ये धेरैको शल्यक्रिया समेत गर्नुपर्ने हुन सक्ने उनी बताउँछन् । कम्मर र घुँडा सम्बन्धी मामिलाका विशेषज्ञ तथा चाटर्ड सोसाइटी अफ फिजियोथेरापिस्टका सदस्य समेत रहेका म्याथ्युजले आफूले प्रत्येक महिना चारदेखि पाँच जना योग शिक्षक हेर्ने गरेको बताउँछन् ।

शरीरले प्रतिरोध गर्दागर्दै 'निर्धारित' आसनमा शरीरलाई धकेल्ने मानिसहरूमा त्यस्तो समस्या देखा पर्ने गरेको उनी बताउँछन् । शरीरलाई अत्यधिक बल दिएका कारण धेरैको शल्यक्रिया समेत गर्नुपर्ने हुन सक्ने यूकेका एक जना फिजियोथेरापिस्ट बेनोइ म्याथ्युज बताउँछन् । आफूले भेट्ने आधा जस्तो शिक्षकहरूलाई जोर्नीमा समस्या नपर्ने गरी 'निर्धारित' योग आसन कसरी बस्ने भन्ने बारे सल्लाहको आवश्यकता रहेको उनी बताउँछन् । तर, जटिल समस्या भएकाहरूले भने शल्यक्रिया नै गर्नुपर्ने हुन सक्छ । २२ वर्षदेखि फिजियोथेरापिस्टका रूपमा कार्यरत् म्याथ्युजले पछिल्लो आठ वर्षदेखि कम्मर र घुँडा सम्बन्धी विषयमा आफूलाई केन्द्रित गरेर अध्ययन अघि बढाएका छन् ।

'हामी सबैलाई योगको फाइदाबारे थाहा छ । म पनि योग गर्छु' -उनले भने- 'तर योगका कारण चोट पनि लाग्न सक्छ । यसलाई हामीले बेवास्ता गर्नु हुँदैन ।' 'म योगको विरोध गर्न चाहन्नँ । यो हजारौं वर्षदेखि प्रचलनमा छ । तपाईंले आफैं बुझ्नुपर्ने हुन्छ' -उनले भने । म्याथ्युजका अनुसार योग शिक्षकहरूले गर्ने अभ्यास र उनीहरूले नगर्ने अन्य प्रकारका व्यायामले विकसित हुने समस्याबारे वर्णन गर्छ ।

'उनीहरूले हप्ताको छ दिन योग गरेको हुन सक्छ । अन्य प्रकारको व्यायाम नगरी योग नै आफूहरूका लागि पर्याप्त छ भन्ने उनीहरूलाई लागेको हुन सक्छ' -उनी भन्छन्- 'जसरी एउटै चीज बारम्बार गर्नाले समस्या पर्न सक्छ योगमा पनि त्यो लागू हुन्छ । तपाईंले विभिन्न प्रकारका व्यायाम मिश्रित तरिकाले गर्नु उचित हुन्छ ।'

नटाली गार्टसोरले योग सिकाउन शुरु गरेको १६ वर्ष भयो । योगको लोकप्रियता बढ्दै जाँदा यसको अत्यधिक अभ्यास आफ्नो सफलताको सिकार भएको उनको बुझाइ छ । ४५ वर्षीया उनको पाँच वर्षअघि योगा गर्ने क्रममै कम्मरको कुर्कुरे हड्डी च्यातियो ।

हालका दिनमा भने उनी आफ्नो कामको बोझको व्यवस्थापन गर्छिन् र सप्ताहान्तमा काम गर्दिनन् । तर, नयाँ योग्य योग शिक्षकहरूलाई भने त्यस्तो गर्न कठिन हुने उनी बताउँछिन् । 'उनीहरूले एकै दिनमा पाँच वटा कक्षा सञ्चालन गरी रहेका हुन्छन् । सप्ताहान्तमा समेत उनीहरू काम गर्छन् ।' बीबीसी

# माईपोखरीमा एकादशी मेला

**इलाम, कात्तिक १८।** इलामको उत्तरी माईपोखरीमा तीन दिने एकादशी मेलाको तयारी गरिएको छ ।

सन्दकपुर गाउँपालिका १ र ३ मा रहेको माईपोखरी क्षेत्रको प्रचार-प्रसार र प्रवर्द्धनका लागि तीन दिने एकादशी मेलाको तयारी गरिएको आयोजक समितिका सदस्य दिनेश ढकालले बताए ।

वडा नम्बर १ का अध्यक्ष नन्दकुमार र ३ का अध्यक्ष कृष्ण पाठकको आतिथ्यमा भएको कार्यक्रममा कात्तिक २१, २२ र २३ गते तीन दिने मेलाको आयोजना गर्ने निर्णय भएको उनले बताए । हरिबोधनी एककादशीको अवसरमा पारेर आयोजना गरिएको मेला सफल पार्न समाजसेवी, व्यवसायी, जनप्रतिनिधि सहभागी रहेको ५१ सदस्य मुल आयोजक समिति गठन भएको छ । मेलाको सफलताका लागि आर्थिक, प्रचार-प्रसार, सास्कृतिक तथा मनोरञ्जनात्मक, खेलकुद, व्यवस्थापन, आथित्य सत्कार, स्वयम्सेवक, यातायात तथा आवास उपसमिति गठन गरिएको छ ।

मेलाको अवसरमा सन्दकपुर गाउँपालिका क्षेत्रका पर्यटकीय स्थलहरुको प्रचार-प्रसारका लागि विभिन्न क्षेत्रमा स्वागतद्वार निर्माण गरिनुका साथै जनजातिको संस्कृति तथा भेषभुषाको प्रदर्शनी र वडास्तरीय खुल्ला महिला फुटबल प्रतियोगिता र ४० वर्षमाथिको पुरुष फुटबल प्रतियोगिताको आयोजना गरिने बताइएको छ ।

स्थानीयस्तरमा उत्पादन भएका खाध्यबालीहरुबाट उत्पादन हुने परिकार, दूग्धपदार्थका सामग्रीहरु मेलामा पुग्ने भक्तजनहरुले चाख्न पाउने गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत महेश राईले बताए । गाउँपालिकाले एकादशी मेलाकै अवसरमा कात्तिक २२ गते सार्वजनिक विदा दिएको भएको छ ।

ऐतिहासिक रुपमा मनाउँदै आएको एकादशी मेलालाई व्यवस्थित गर्ने यस वर्ष तीन दिने मेलाको आयोजना गरिएको गाउँपालिका अध्यक्ष उदय राईले बताए ।

# अबैध गाजा फडानी

**धनकुटा, कात्तिक १८।** धनकुटाको विभिन्न स्थानहरुमा अवैधरुपमा लगाइएका तथा प्राकृतिक रुपमा आफै उम्रिएका गाजाका बोटहरु फडानी गरी नष्ट गरिएको छ ।

प्रहरी चौकी आखिसल्लाबाट गएको प्रहरीको टोलीले सहिदभूमि गाउँपालिका-६ को चेप्ला र बरबोटेमा अन्दाजी पाँच रोपनी जग्गामा लगाइएको सात हजार बोट गाजा फडानी गरी नष्ट गरेको हो ।

त्यसैगरी प्रहरी चौकी त्रिवेणीबाट गएको प्रहरीको टोलीले शहीदभूमि गाउँपालिका-२ को बुर्खा र सेलेजेजर्नामा अन्दाजी १२ रोपनी जग्गामा लगाइएको तथा प्राकृतिक रुपमा आफै उम्रिएको दुई हजार चार सय ४० बोट गाजा फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।



त्यस्तै जिल्ला प्रहरी कार्यालय भोजपुर तथा इलाका प्रहरी कार्यालय घोडेटारबाट खटिएको प्रहरी टोलीले हतुवागढी गाउँपालिका-९ मुस्ताङ र थुम्की भन्ने स्थानमा अन्दाजी ३२ रोपनी जग्गामा लगाइएको तथा प्राकृतिक रुपमा आफै उम्रिएको १२ हजार पाँच सय बोट गाजा फडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

# आगलागीबाट क्षति

**उदयपुर, कात्तिक १८।** उदयपुरको उदयपुरगढी गाउँपालिका-२ गेर्खेका गौर बहादुर तामाङको घरमा आगलागी हुँदा अन्दाजी १६ लाखभन्दा बढीको क्षति भएको छ ।

तामाङको घरमा रहेको सोलार प्यानलको करेन्ट सर्ट भई आगलागी हुँदा ढुंगा माटोले बनेको दुई वटा दुई तले घर जलेर नष्ट हुँदा उक्त मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

सो आगलागी प्रहरी चौकी उदयपुरगढीबाट गएको प्रहरीको टोली तथा स्थानीयबासीको सहयोगमानियन्त्रणमा आएको तथा मानविय, चौपाया क्षति नभएको उक्त कार्यालयले जनाएको छ ।


## वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

**फर्निचरसहितको अफिस विक्रीमा**
बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको ), पार्किङ स्थल भएको अफिस विक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
मो. ९८२५९३३६६७

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००/९८०४९५४४००

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कर्मचारी आवश्यकता**
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना (महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
साथै ७७ जिल्लामा हुने सांस्कृतिक तथा सचेतनामूलक कार्यक्रमका लागि :
स्वयम्सेवक : १० जना (महिला/पुरुष)
कलाकार : १० जना (महिला/पुरुष)
साधारण लेखपढले हुनेछ । तालिमको व्यवस्था छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**जग्गा बिक्रीमा**
बिर्तामोड बसपार्कबाट १ किलोमिटरमा ३२ फुटे बाटोबाट एक भिट्टाभित्र २० फुटे बाटोले छोएको २, १/२ (अढाई) कठ्ठा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा छ इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१८१७१९१२

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**हिजोको सूनचाँदीको भाउ**
छापावाला सुन : ७१,७००।-
तेजावी सुन : ७१,४००।-
असल चाँदी : ८८५।-

**बाह्रमासे कागती खेती । गरौं है आफ्नो उन्नती ।।**
सबैभन्दा राम्रो खालको सुन कागती खेती गर्नका लागि रम्रो बिरुवाका लागि आजै सम्पर्क गर्नुहोस् ।
(होलसेल तथा खुद्रामा उपलब्ध छ ।)
सम्पर्कः९८१७९३३५८२, ९८९३८४४९२९

**कोरियन भाषा** 한국어
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापानीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

**झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Housefull 4
दोस्रो शो २:४५ Housefull 4
तेस्रो शो ७:०० Housefull 4
(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ पोइ पऱ्यो कालै
दोस्रो शो २:४५ पोइ पऱ्यो कालै
तेस्रो शो ६:४५ पोइ पऱ्यो कालै
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६
नोट : ८ गते शुक्रबारबाट प्रदर्शनमा रहने House full 4 हिन्दी चलचित्रको अग्रिम बुकिङ खुल्ला गरिएको छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**चितवनका अनुभवी डाक्टर बिर्ता आयुर्वेदमा**
यही मिति २०७६ कात्ति २३ गते शनिबार र २४ गते आइतबारका दिन चितवनका डा.निलकण्ठ उपाध्याय र डा.भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य परीक्षण हुने भएकोले तुरुन्त नाम टिपाइ ढुक्क हुनुहोस् ।
उपचार हुने समस्याहरु :
ग्यास्ट्रीक, कब्जियत, पाइल्स, फिसर, फिस्टुला, पिनास, दम, खोकी, छातीको दाग, थाइराइड, सुगर, प्रेसर, महिला तथा पुरुषका गुप्त रोगहरु, जण्डिस, प्रोस्टेट, डण्डीफोर, एलर्जी, अनिद्रा, माइग्रेन, मृगौलाको पत्थरी, कम्मर, गर्दन दुख्ने, घुँडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने, कुम जाम भएको, बाथ, युरिक एसिड, प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेसँगै ठूलो सिसा भएको घर
फोन न ०२३-५४१४६६/९८०६०००३१३

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा 'विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा'
डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, पिसाब थैली विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) — वरिष्ठ लिभर (कलेजो, पेट, प्यान्क्रियाज, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ (वीर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ ।)
डा. मुक्ति आचार्य — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिवार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८, ९८११३३५६२४




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** शुभचिन्तकहरूले साथ दिने छन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । पढाइलेखाइमा प्रगति हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिगो लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ । महत्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** घरायसी आवश्यकता बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । फाइदाका लागि साइनो गाँसी नजिकिनेहरूबाट सावधान रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुने छन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार समेत हातलागी हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** वचन पुऱ्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बुद्धिले काम लिंदा चिताएको योजना कार्यान्वयनमा आउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

# 'प्याङ्गी' झारले रैथाने वनस्पति संकटमा

**झापा, कात्तिक १८ (रासस)।** स्थानीय बोलीचालीमा 'प्याङ्गी' भनेर चिनिने मिचाहा झारको प्रजाति 'माइकेनिया माइक्रान्था'का कारण रैथाने वनस्पति संकटमा परेका छन्।

प्याङ्गी झारले खाली रहेका अधिकांश ठाउँमा फैलिएर रैथाने र उपयोगी वनस्पतिलाई मास्न थालेको डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले बताए। भुइँ, पर्खाल र रुख जताततै लहरिन सक्ने विशेषता भएको यो झार खेतबारी, सडक र वन क्षेत्रमा अनियन्त्रित रुपमा मौलाइरहेको छ। यसले रैथाने वनस्पतिलाई हुर्किन नदिने भएकाले नियन्त्रणका लागि के गर्न सकिन्छ भनेर फरेस्ट एक्सन नेपाल नामक गैरसरकारी संस्थाले झापाको हल्दिबारी क्षेत्रमा अनुसन्धान शुरु गरेको छ।

फरेस्ट एक्सनले सो झारलाई प्राङ्गारिक मल बनाउन सकिनेतर्फ स्थानीयबासीलाई उत्प्रेरित गरिरहेको संस्थाकी फिल्ड कर्मचारी देविका अधिकारीले बताइन्। खाली जग्गा भेटेपछि केही वर्षमै फैलिएर अरु वनस्पतिलाई प्याङ्गी झारले मास्ने भएकाले यसकै कारण प्राकृतिक जङ्गलका कैयन रैथाने जडीबुटी र बोटबिरुवा लोप हुने अवस्थामा पुगेको डिभिजन वन कार्यालय झापाका प्रमुख घिमिरेले बताए।

वन क्षेत्र, सडक किनारका बिजुलीका खम्बा, सदरमुकाम भद्रपुरस्थित सरकारी कार्यालयका जग्गा र खोला किनारका खाली जग्गामा प्याङ्गी झार अत्यधिक मात्रामा फैलिइरहेको पाइएको छ। घिमिरेका अनुसार यो झार ठुस्स गनाउने भएकाले गाईवस्तुले समेत खान रुचाउँदैनन्। यसको उम्रिने र फैलिने दर अरु वनस्पतिभन्दा ज्यादा हुन्छ। शहर, गाउँ, सिमसार, खोल्साखोल्सी र जङ्गल जहाँ पनि यो झार आफैं उम्रिने र छिटो फैलिने गरेको छ। झापाको सबैभन्दा ठूलो जङ्गल रहेको जलथलको खाली ठाउँ प्याङ्गी झारले ढाकिँदै गएको स्थानीय पाथिभरा कालिका सामुदायिक वन उपभोक्ता समूह हल्दिबारीका अध्यक्ष चिरञ्जीवी पौडेलले बताए

उनका अनुसार सामुदायिक वनले जङ्गलभित्रको खाली ठाउँमा फैलिइरहेको प्याङ्गी झारलाई उखेलेर वृक्षरोपण गर्ने अभियान शुरु गरेको छ। केही नगरी खाली ठाउँ छाड्दा यस झारले ढाक्ने चेतावनी विज्ञहरुले दिएको हुँदा वृक्षरोपण थालिएको उनको भनाइ छ। प्याङ्गी झार फडानीका लागि सामुदायिक वनलाई फरेस्ट एक्सन नेपालले रु. ५० हजार सहयोग गरिसकेको छ।

झापाको जलथल जङ्गल नेपालकै एक मात्र यस्तो वन क्षेत्र हो जहाँ पहाडमा मात्र पाइने बोटबिरुवा र जीवजन्तु समेत पाइन्छ। स्थानीय वयोवृद्ध वीरबहादुर गिरीका अनुसार जलथल जङ्गलमा पहाडमा मात्र पाइने पात्ले कटुस र चिलाउनेको रुख पाइएको छ। पहाडमा हुने दुम्सी समेत यहाँ पाइन्छ। जलथलमा वन सुन्तला, कुसुम, बाँदरझुला, ढेडुझुला, खनिउ, जामुना, केमुना, कटहर, आँप, लटहर, फडिर, हर्रो, बर्रो, अमला लगायतका दर्जनौं फलफूल पाइन्छ। हात्ती, अजिङ्गर, मृग, हरिण, बँदेल, मयूर, सालक, कछुवा, गोहोरो, ठोटरी लगायतका जीव यहाँ पाइन्छन्।

उष्णप्रदेशीय भू-भागमा फस्टाउने यो झार धेरै वर्ष अघि अमेरिकाबाट नेपाल भित्रिएको विश्वास गरिन्छ। यसलाई विभिन्न मुलुकमा 'एलियन' झार पनि भनिन्छ। अमेरिकामा पाँच मिटरभन्दा लामो नहुने यो झार नेपालको हावापानी अनुकूल भएर ३० मिटरसम्म लहरिने गरेको बताइएको छ। माइकेनिया झारले एक प्रकारको विषादीजन्य तरल रसायन उत्पादन गर्ने भएको हुँदा यसको नजिक अरु बोटबिरुवा फस्टाउँदैनन्। यसले लहरिएर ठूला रुखलाई समेत विस्तारै मास्न सक्छ।

चितवन राष्ट्रिय निकुञ्जको करिब २० प्रतिशत भागमा यो झारको अतिक्रमण भइसकेको ठानिएको छ भने तराईका चारकोशे वनहरुमा यसको फैलँदो दर अकल्पनीय रहेको छ। हुर्किएको माइकेनिया झार एकदिनमा ९० मिलिमिटरसम्म बढ्ने गर्दछ। वन क्षेत्रमा प्रभुत्व जमाइरहेको यो झार विश्वभर समस्याको रुपमा देखा परिरहेको भए तापनि यसबाट औषधि बनाउन सकिने विषयमा विभिन्न अनुसन्धानहरु हुन थालेको उहाँको भनाइ छ। सर्पदंश र विच्छीदंशको औषधि माइकेनिया झारबाट बनाउन सकिने अनुसन्धानबाट पुष्टि भइसकेको छ।

# अनिवार्य 'मास्क' लगाएर हिँड्न आग्रह

**झापा, कात्तिक १८।** भारतको दिल्लीमा देखिएको विषाक्त हावाको प्रभाव नेपालमा पनि देखापरेको भन्दै धुलोका साना कणबाट जोगाउने खालका मास्क लगाउन वातावरण विभागले सर्वसाधारणलाई अनुरोध गरेको छ।

दिल्लीको प्रदुषणले राजधानी काठमाडौंभन्दा पनि तराईका जिल्लाहरूमा बढी असर पारेको देखिएको विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले बताए। प्रदुषण मापन गर्दा तराईको लुम्बिनी, सौराहा र नेपालगञ्जमा मापदण्डभन्दा बढी देखिएको विभागले जनाएको हो।



राष्ट्रिय मापदण्ड अनुसार पीएम २.५ भनिने सूक्ष्म कण हावामा दैनिक औसतमा ४० माइक्रोग्रामभन्दा बढी हुँदा स्वास्थ्यमा प्रतिकूल असर पार्ने बताइन्छ। नेपालको सौराहा, लुम्बिनी, नेपालगञ्ज र काठमाडौंमा मापदण्डभन्दा धेरै विषाक्त कण हावामा पाइएको विभागले जनाएको छ।

हावाको गुणस्तर मापन गर्ने रियल टाइम एअर क्वालिटी इन्डेक्सका अनुसार कणको मात्रा लुम्बिनीमा १९८ माइक्रोग्राम प्रति घनमिटर छ भने सौराहामा ११५ माइक्रोग्राम प्रति घनमिटर र नेपालगञ्जमा १९४ माइक्रोग्राम प्रति घनमिटर रहेको छ। काठमाडौंमा भने तराईका जिल्लाभन्दा तुलनात्मक रुपमा कम अर्थात् रत्नपार्कमा १३३ माइक्रोग्राम प्रति घनमिटर देखिएको छ।

'मापन गरिएका यी क्षेत्रमा हेर्दा मापदण्डभन्दा एकदमै उच्च भएको देखाएको छ' - लामिछानेले भने- 'तराईमा प्रदुषणका घरेलु स्रोत हेर्दा भारतबाट आएको भन्न सकिने अवस्था छ।' यस्ता मसिना कणबाट जोगिनका लागि सामान्यखालको मास्कको प्रयोगले नहुने जानकारहरू बताउँछन्। त्यसका लागि एन ९५ र एन ९९ भनिने मास्क नै लगाउनुपर्ने लामिछाने बताउँछन्।

दिल्लीमा भने प्रदुषण औसत ८०० माइक्रोग्राम प्रति घनमिटरभन्दा बढी पुगेको छ। विषाक्त हावाको प्रभाव कम गर्न भारतको राजधानी नयाँ दिल्लीमा सवारीसाधनमा जोर बिजोर प्रणाली लागू गरिएको छ। विषाक्त हावाको प्रभाव कम गर्न भारतको राजधानी नयाँ दिल्लीमा सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गरिएको हो। विषाक्त हावाको प्रभाव बढ्दै गएपछि सरकारले सर्वसाधारणलाई बाहिर ननिस्कन अनुरोध गरेको छ।

दिल्लीका स्वास्थ्यमन्त्री सत्यन्दर जैनले सहरवासीहरूलाई बिहान र साँझको समयमा घर बाहिर गरिने काम नगर्न अनुरोध गरेका छन्। दिल्लीमा विद्यालयहरू बन्द गरिएको छ। प्रदूषणका कारण हालसम्म ३० वटा विमानलाई दिल्लीमा अवतरण गर्न नदिएर अन्यत्र पठाइएको छ। त्यस्तै निर्माणका काम पनि ठप्प भएका छन्। अधिकारीहरूका अनुसार दिल्लीको प्रदूषणको स्तर चीनको राजधानी बेइजिङभन्दा सात गुणा बढी छ। गत शुक्रवार मात्रै सरकारले विद्यालयहरूमा ५० लाख मास्क वितरण गरेको थियो।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालले प्रदुषणको स्तर असह्य भएको बताउँदै सर्वसारधारणलाई विषाक्त हावाको प्रभावबाट बच्नका लागि सरकारले जारी गरेको सुझावको पालना गर्न अनुरोध गरेका छन्। केजरिवालले संघीय सरकारलाई हाल उत्पन्न परिस्थितिसँग जुध्नका लागि सहयोग गर्न अनुरोध गरेका छन्।

बीबीसीकी दक्षिण एसिया क्षेत्रकी सम्पादक जिल म्याकगिभरिङका अनुसार केजरिवालका पछिल्ला भनाइले सरकारी अधिकारीहरूलाई सन्तुष्ट बनाउने छैन र हालको समयमा भारतीय राजनीतिज्ञहरू एकअर्कामा दोषारोपण गर्नमा व्यस्त छन्। *बीबीसी*

# बजार प्रतिनिधि र कर्मचारीलाई तालिम



**बिर्तामोड, कात्तिक १८।** सम्पन्न बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको आयोजना तथा अक्सफोर्ड एकाडेमिक ट्रेनिङ सेन्टर बिर्तामोडको संयोजनमा बजारप्रतिनिधी तथा कर्मचारीहरुलाई क्षमता अविवृद्धी तालिम प्रदान गरिएको छ।

सहकारीमा आवद्ध बजार प्रतिनिधि तथा कर्मचारीहरुको काम कर्तव्य र दायित्व सम्बन्धी क्षमता अभिवृद्धी गर्न तालिम प्रदान गरिएको संस्थाका अध्यक्ष सन्तोष सुब्बााले बताए।

तालिमको सहजीकरण प्रशिक्षक हरिप्रसाद सुवेदीले गरेका थिए। सहकारी संस्थामा काम गर्ने बजार प्रतिनिधिहरुलाई बचत तथा शेयर सदस्यता बृद्धि, बचत बृद्धि, असल ऋणिको खोजी लगायतका बिषयमा तालिम प्रदान गरिएको प्रशिक्षक सुवेदीले बताए। तालिममा सहकारीका ३० जनाको सहभागिता रहेको थियो। तालिममा सहभागीहरुले तालिम फलदायी रहेको बताउँदै तालिममा सिकेको शिक्षाले कार्यक्षेत्रमा गएर आत्मविश्वासले काम गर्ने बताए।

सम्पन्न बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सन्तोष सुब्बाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष राधेश्याम अधिकारी, उपाध्यक्ष मञ्जु गोम्देन, गणेश काफ्ले, लेखामाया गौतम, कमल न्यौपानेले शुभकामना दिएका थिए।

कार्यक्रमको सहजीकरण अक्सफोर्ड एकाडेमिक ट्रेनिङ सेन्टर बिर्तामोडका बैंकिङ्ग ट्रेनिङ को-अर्डिनेटर सुवर्ण कुँवरले गरेका थिए।

# शाहीलाई आक्रमण गर्ने एक पक्राउ

**झापा, कात्तिक १८।** भ्रष्टाचार विरोधी अभियान गर्दै आएका ज्ञानेन्द्र शाहीमाथि आक्रमण गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार सो अभियोगमा भरतपुर महानगरपालिका-११ निवासी ३२ वर्षीय अविरल पोखेल पक्राउ परेका हुन्। प्रहरी नायब उपरीक्षक शालीग्राम शर्मा पौडेलका अनुसार पोखेललाई आइतबार पक्राउ गरिएको हो। पक्राउ परेका पोखेलमाथि अनुसन्धान शुरु गरिएको छ। अन्यको खोजी भइरहेको उनले जानकारी दिए।

गत असोज ११ गते भरतपुरस्थित चौबिसकोठीमा नेपालका लागि नेपालीले आयोजना गरेको कार्यक्रम शुरू हुनै लाग्दा शाहीमाथि आक्रमण भएको थियो। कार्यक्रम स्थगन भएपछि ग्लोबल होटलबाट बा ३ ख ८४५८ नम्बरको माइक्रोमा फर्कने क्रममा होटल परिसरमा नै शाहीमाथि आक्रमण भएको थियो।


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ।

## सुरक्षाको लागि सेवा करारमा लिने बारेको सूचना

*प्रथम पटक प्रकाशित सूचना मिति: २०७६/०६/३०*

यस कार्यालयको हाताभित्र रहेको चल-अचल सम्पत्तिको २४सै घण्टा सुरक्षा प्रदान गर्न सुरक्षा गार्डको आवश्यक परेकोले सो कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ (३) कार्यविधि बमोजिम सेवा करारमा लिई कार्य गराउनुपर्ने भएको हुँदा उक्त कार्य गर्न चाहने सुरक्षा सेवा प्रदान गर्न इजाजत प्राप्त संघ, संस्था वा फर्मबाट शिलबन्दी प्रस्ताव पेश गर्न मिति २०७६/०६/३० मा पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा पहिलोपटक सूचना प्रकाशित गरिएकोमा सूचनाको म्यादभित्र यस कार्यालयमा पेश हुन आएका सबै प्रस्तावहरु रिपूर्वक पेश नभई अस्वीकृत भएकाले पुनः पहिलो सूचनामा उल्लेख भए बमोजिमकै विवरणहरु खुलाइ १५ दिने अर्को सूचना आह्वान गरिएको छ।

**तपशिल**

१) शिलबन्दी प्रस्ताव दिन चाहने संघ-संस्थाले कार्यालयले निर्धारण गरेको प्रस्तावको ढाँचा र करार सेवासँग सम्बन्धी शर्त उल्लेख भएको कागजात यस आन्तरिक राजश्व कार्यालय झापाबाट मिति २०७६/०८/०३ गतेसम्म कार्यालय समयभित्र उपलब्ध हुनेछ।
२) शिलबन्दी प्रस्तव दिन चाहने संघ-संस्थाले कार्यालयबाट प्राप्त गरेको प्रस्ताव सम्बन्धी विवरणको साथमा सेवा प्रदान सम्बन्धी फर्म नविकरण भएको इजाजत पत्र, स्थायी लेखा दर्ता प्रमाण (मु.अ.कर सहित) र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि वा म्याद थप सम्बन्धी प्रमाण राखी मिति २०७६/०८/०४ गते दिनको १२:०० भित्र आन्तरिक राजश्व कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ। यसरी म्यादभित्र दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरु सोही दिन दिउसो २:०० बजे कार्यालय प्रतिनिधिहरुको उपस्थिति तथा प्रस्तावदाताको प्रतिनिधिको रोहबरमा खोलिने छ। साथै प्रस्ताव खोल्दा प्रस्तावदाताको प्रतिनियिधको उपस्थिति अनिवार्यता रहने छैन।
३) शिलबन्दी प्रस्ताव पेश गर्ने मिति र प्रस्ताव खोल्ने मितिका दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समय सीमासम्म माग गर्न, दर्ता गर्न र खाल्न सकिने छ।
४) शिलबन्दी प्रस्ताव फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
५) कार्यालयले दिन सकिने (मु.अ.कर वाहेक) १ जना सुरक्षा गार्डको मासिक न्यूनतम् रकम रू. १३४५०।०० का दरले ३ जनाको रु. ४०३५०।०० (मात्र) को सिमा रहने छ।
६) पेश गरिएको शिलबन्दी प्रस्तावमा बोल कबोल अंक र अक्षरमा दोहोरो लेखन वा केरमेट वा टिपेक्स प्रयोग गरी पुनः लेखन गरेको पाइएमा त्यस्तो प्रस्तावलाई मान्यता दिइने छैन।
७) बोल कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु गर्नुपर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८) शिलबन्दी प्रस्तावमा उल्लेख गर्दा कबोल अंकमा मु.अ.करसहित वा बाहेक स्पष्ट उल्लेख गर्नुपर्नेछ।
९) रितपूर्व दाखिला नभएको वा सूचनाको म्याद नाघी दाखिला हुन आएको प्रस्तव उपर कुनै कारवाही गरिने छैन।
१०) यस सूचनामा कुनै कुरा छुट हुन गएमा प्रचलित ऐन नियमानुसार हुनेछ।

- आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापा

## प्याकेजिङ्ग हेल्पर, मेशन, स्टिल पिक्चरलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मिति: २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खाना/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Masson | ५० | 1300/- DHS | | | | |
| Labour helper | ५० | 884/-DHS | | | | |
| Steel fixture | ५० | 1300/-DHS | | | | |

२१ दिनमा उड्न सक्नेले मात्र सम्पर्क गर्नुहोला।
फाइनल अन्तर्वार्ता यही कात्तिक २० गते बुधबार बिर्तामोडमा हुँदैछ।
सगुन ओभरसिज सर्भिसेज प्रा.लि.
श्रम इजाजत नं. ३९६/०६०/०६१ पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोन: ९८०८०७४५९८, ९८०३०७४४३९)

## UAE र OMAN मा रोजगार | 1. Company : NESTO MANAGEMENT OFFICE City : AJMAN, UAE

LT. No.: 225455

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Sales | 150 | 25 | 1200 | ३६,९६० |
| 2. | Warehouse Worker | 20 | 0 | 1000 | ३०,८०० |
| 3. | Bottle Washer | 20 | 0 | 1000 | ३०,८०० |
| 4. | Cashier | 25 | 0 | 1200 | ३६,९६० |

२. कम्पनी : EAST WEST COMPANY L.L.C. OMAN

LT. No.: 197821

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Salesman | 70 | 0 | 140 | ४१,०८० |
| 2. | Cook | 25 | 0 | 150 | ४४,०२० |
| 3. | Juice Maker. | 10 | 0 | 140 | ४१,०८० |
| 4. | Baker | 10 | 0 | 140 | ४१,०८० |
| 5. | Fish Maker | 10 | 0 | 140 | ४१,०८० |
| 6. | Meat Cutter | 10 | 0 | 140 | ४१,०८० |
| 7. | Flower Arranger-lady | 0 | 1 | 140 | ४१,०८० |
| 8. | Pastries Manufacture | 15 | 0 | 140 | ४१,०८० |

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ। फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट होटल कोहिनूर, बिर्तामोड, झापामा कात्तिक २५ गते (11 Nov. 2019) मा हुनेछ।
Deluxe HR Solution (P.) Ltd.
बिजुलीबजार पुल नजिक, काठमाण्डौ, फोन : 9801445552,9801445551

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि स्टाम्प (छाप) अफसेट प्रिन्ट स्क्रीन प्रिन्ट फ्लेक्स प्रिन्ट होर्डिङ्ग बोर्ड लेमिनेशन डिजिटल प्रिन्ट

FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET
VISA WITH IN 15 DAYS
UAE मा रोजगारको अवसर
Transguard Group LLC
LT. No: 214650

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | AED | ने.रु. |
|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 1920 | ५९,८३० |
| 3 | Warehouse Ass./ Helper | [redacted] | 900 | २८,४४६।- |

प्रि-अन्तर्वार्ता: धमाधम भईरहे[redacted] छ। फाइनल अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७६ कार्तिक [redacted]ते (6 th NOV 2019) बिर्तामोड मा हुदैछ।
नोट: Security Guard को [redacted]ary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को [redacted] को 2270 हुनेछ।

SAUDI मा रोजगा[redacted] कम्पनी : SAED INTERNATIONAL FOR ISTIGDAM शहर : KSA
L.T. No.: 224416

| क्र.सं. | कामदारको पद | पुरुष | SR | ने.रु. |
|---|---|---|---|---|
| 1. | Common Labour | 49 | 1000 | ३०,९७० |
| 2. | Restaurant Worker | 15 | 1200 | ३६,२०५ |

साथै साउदीको JEDDAH AI[redacted]ORT FACILITY COMPANY बाट AIRCRAFT CLEANER/AIRPORT CLE[redacted]ER (SALARY 1385+ 300 SAR)हरुकोपनि माग भई आएकोले इच्छुकल[redacted]भावहरूले तुरन्त सम्पर्क गर्नुहोला। यसको फाइनल अन्तरवार्ता कम्पनि[redacted]तिनिधिबाट यहि कार्तिक १९ गते (5th NOV) मोक्ष होटल, बिर्तामोड मा हुदै[redacted] उमेरको हकमा २१ देखि ३० बर्ष सम्म

मोन्टेज[redacted] ओभरसिज प्रा. लि.
कलंकी, काठमाडौं[redacted]न : ४२८७११९, ९८०३६७२२९४, ९८०३०७२२९४, ९८०३[redacted]२२९४, ९८१७९२०२०६, ९८१३६७२२९४
श्रम इजाजत नं.: ७८८/०६४/०६५

# सताक्षीधाममा सरसफाई तथा डस्टवीन वितरण



**बिर्तामोड, कात्तिक १८।** झापाको सताक्षीधाममा आयोजना हुन लागेको एक सय आठ कुण्डको कोटीहोमलाई सफल बनाउन भन्दै नेपाल बिद्यार्थी संघ जिल्ला समिति झापाको आयोजना र शिवसताक्षी नगर समितिको सहआयोजनामा सरसफाई तथा डस्टविन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

नेपाल बिद्यार्थी संघ जिल्ला समिति झापाका सभापति भुवन बुढाथोकीको सभापतित्व तथा सांसद महेन्द्राकुमारी सुब्बाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिवसताक्षी नगरसमितिका सभापति दिवश वास्कोटाले स्वागत गरेका थिए।

कार्यक्रममा सताक्षीधाम विकास समितिका अध्यक्ष प्रसाद सुब्बा, गोलोक गौशालाका सञ्चालक नन्दकिशोर भारद्वाज, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, नेपाल बिद्यार्थी संघ जिल्ला समिति झापाका पूर्व सभापति नारायण गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा मनोज खुलाल कार्की, डिल्ली भट्टराई, राजेश ताजपुरिया, जनम आचार्य, प्रविन आचार्य, हेमन्ता निरौला, विशाल सिटौला लगायतको आतिथ्य रहेको थियो। कार्यक्रममा सताक्षीधाम क्षेत्र सरसफाई गर्नुका साथै १० थान डस्टविन हस्तान्तरण गरिएको थियो। नेविसंघका झापा उपसभापति निरज दुलाल र सहसचिव प्रकाश खड्काले सहजीकरण गरेको कार्यक्रमको सञ्चालन सचिव विनोद चापागाईले गरेका थिए।

# कचनकवलमा एकीकृत घुम्ती शिविर

**झापा, कात्तिक १८।** झापा जिल्ला प्रशासन कार्यालयको आयोजनामा कचनकवल गाउँपालिकामा एकीकृत घुम्ती शिविर सञ्चालन गरिने भएको छ।

आगामी कात्तिक २२ गते हुने शिविरमा नागरिकता वितरण, फोटोसहितको मतदाता नामावली संकलन, आन्तरिक राजश्व कार्यालयबाट प्यान नम्बर वितरण, डिभिजन वन कार्यालयबाट फलफूलका बिरुवा वितरण, लागूऔषध दुर्व्यसन सम्बन्धी सचेनामूलक कार्यक्रम, पाठेघरको मुखको क्यान्सर जाँच लगायतका सेवा प्रदान गरिने प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरले बताए।

जिल्ला प्रशासन कार्यालयसहित २० सरकारी कार्यालयले कचनकवल-२ सुकुडाँगीस्थित लक्ष्मीप्रसाद देवकोटा माविको प्राङ्गणमा कात्तिक २२ गते उपलब्ध गराइने सोवामा गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने पानीको आर्सेनिक जाँच, जनस्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेदिक अस्पतालबाट विभिन्न रोग जाँच, मेची अञ्चल अस्पतालबाट दन्तसेवा, कृषि ज्ञान केन्द्रबाट कृषिजन्य बालीमा लाग्ने रोगको परीक्षण, टेलिकमबाट सिमकार्ड वितरण लगायत रहने रानाले बताए।

कचनकवल गाउँपालिकाका अध्यक्ष अञ्जार आलामले सेवालाई प्रभावकारी बनाउन आफू पनि लागीपर्ने बताए।

# इटहरीमा बहुवर्षे सडक

**इटहरी, कात्तिक १८।** इटहरी उपमहानगरपालिकाले गौरवको आयोजनाका रुपमा निर्माण गर्न लागेको सडकको शिलान्यास गरिएको छ।

इटहरी उपमहानगरपालिका-१८, १९ र २० लाई जोड्ने उक्त सडकको नगर प्रमख द्वारिकालाल चौधरीले शिलान्यास गरे। नगर प्रमुख चौधरीले एक वर्षमा ३० किलोमिटर सडक निर्माण गर्ने नगरपालिकाको लक्ष्य रहेको बताए।

त्यस्तै उपप्रमुख लक्ष्मी गौतमले नगरपालिकाका तीन वडालाई समेट्ने गरी 'नो कमिशन नो करप्सन' नीति अवलम्बन गरी सडक निर्माण गरिने बताए। सडक निर्माणपछि नगर बस सञ्चालन गरिने उनले बताए। नगरपालिकाका इञ्जिनीयर जीवन घिमिरेले सो सडक १५ महिनाभित्र निर्माण गरिने बताए।

चार करोड ५७ लाख रुपैयाँको लागतमा निर्माण हुने पाँच मिटर चौडाइको उक्त सडकको लम्बाइ साढे छ किलोमिटर रहेको छ। सडक निर्माणले कान्छीचोक, वडहरा, डकाहा, पटेरुवा, अमाहा र महुलियाका बासिन्दालाई सहज हुने बताइएको छ।

# महिलामा यस्तो लक्षण देखिए क्यान्सर

यदि तपाईले स्तनमा गोलीगाँठा भेटाउनुभयो भने के गर्नुहुन्छ ? क्यान्सरको लक्षण हुन सक्छ या सक्दैन एकचोटी पक्कै सोच्नुपर्छ। त्यसैगरी यदि घाँटी सुन्निएको छ, छालामा निको नहुने डल्लो, कुनै अंगको निको नहुने दुखाइ आदि समस्या आइरहेको छ भने सजगता अपनाउनुपर्छ। यो टिप्समा नाक, कान तथा घाँटी, स्तन, रगत, फोक्सो, छाला तथा विभिन्न प्रकारका क्यान्सरका लक्षणहरू देखाउन खोजिएको छ।

**हड्डी दुख्नु**

हड्डी दुखाइ घाउ-चोटपटक, संक्रमण तथा हड्डी सम्बन्धी समस्याले हुन सक्छन्। तर, यी क्यान्सरका लक्षण पनि हुन सक्छन्। यदि तपाईको ढाड, कम्मर, करङहरू दुख्छ भने सजग हुनुपर्छ। हाडजोर्नी दुखेर ज्वरो आउने, थकान महशुस हुने वा तौल कम भएको छ भने त्यो ल्युकेमियाको लक्षण हुन्छ सक्छ। बोन म्यारो वा रगतको क्यान्सरका लक्षण हुन सक्छन्।

**दाना जस्तो डण्डिफोर**

छालाका क्यान्सरका बिरामी पछिल्लो समय धेरै देखिएका छन्। जसको मुख्य कारण सूर्यको अल्ट्राभ्वाइलेट किरणसँगको प्रत्यक्ष सम्पर्क भन्ने देखिएको छ। यदि गाला तथा नाकमा गोलो मोती दाना जस्तो डण्डिरफोर देखियो र त्यसले निको हुने छाँटकाट नै देखाउँदैन भने क्यान्सरको लक्षण हुन सक्छ। ६ देखि ८ हप्तासम्म त्यो दाना रहिरह्यो भने उपचार गराउनुपर्छ।

**लामो समयसम्म चिलाउने**

सुन्दा पत्यार लाग्दैन, तर छाला लामो समयसम्म चिलाउनु पनि क्यान्सरको लक्षण मध्येको एक हुन सक्छ। लिम्फोमाको लक्षण हुन सक्छ। धेरैजसो छालाको समस्या भए छालारोग विशेषज्ञ कहाँ जाने भेटिन्छन्। यदि तपाईले पहिले छाला विशेषज्ञकोमा गइसक्नुभएको छ र सुधार भएन भने क्यान्सर रोग विशेषज्ञसँग जचाउन सकिन्छ।

**कान दुख्ने**


यदि तपाईको कान लगातार दुखिरहेको छ र कुनै संक्रमण पनि भएको छैन भने त्यसको संकेत के त ? त्यो कानको समस्या नहुन सक्छ। त्यो दुखाइ कानको नसाबाट टाउको वा घाँटीसम्म पुगिरहेको हुन सक्छ। जुन मुखको क्यान्सरको लक्षण हुन सक्छन्। त्यसैगरी जिब्रोको पछाडि र तन्सिलमा पनि क्यान्सर देखिन सक्छ।

**योनीबाट रगत बग्नु**

अनियमित महिनावारी हामोर्नको गडबडीले हुन सक्छ। तर कहिलेकाहीँ महिनावारी गडबडी गर्भासयको क्यान्सर पनि हुन सक्छ। मेनोपजपछि पनि रगत बग्नु सामान्य होइन। त्यसैले ख्याल गर्नुपर्ने हुन्छ। चिकित्सकहरूले बताए अनुसार गर्भासयको क्यान्सर धेरैजसो पहिलो स्टेजमा थाहा पाइन्छ र निको हुने धेरै सम्भावना हुन्छ।

**पिसाबको समस्या**

पिसाबको समस्या धेरैजसो महिलामा देखिने गरेको। विशेषगरी यसको संक्रमण हुने र टाइप टु डायबेटिजले गर्दा पनि पिसाबको समस्या महिलाले भोग्छन्। पिसाबको समस्या पत्थरीको संकेत पनि हुन सक्छ। उदि पिसाबमा रगत देखिएको छ भने त्यो मूत्रथैली वा मिर्गौलाको क्यान्सर हुन सक्छ।



**एनिमिया**

यदि तपाईको दिसामा रगत देखियो (पाइल्स रोगबाहेक) भने त्यो ठूलो आन्द्राको क्यान्सर हुन सक्छ। एनिमियाले तपाईलाई थकान महशुस गराउने, चक्कर लगाउने जस्ता लक्षण गराउन सक्छ जुन क्यान्सरका लक्षण हुन सक्छन्।

**घाँटीमा गोलीगाँठा**

सबै गोलीगाँठा र डल्लोहरू क्यान्सरको लक्षण होइनन्। घाँटीमा आउने सुन्निएको डल्लो कुनै संक्रमण वा बढिरहेको ट्युमुर हुन सक्छ। यदि घाँटीको बीच भाग जहाँ थाइरोड हुन्छ त्यहाँ सुन्निएको छ भने क्यान्सरको परिक्षण भने गराउनुपर्छ। महिलामा थायराइड क्यान्सरको सम्भावना पुरूषभन्दा ३ गुणाले बढी हुन्छ। खुसीको कुरा भने यो क्यान्सर धेरै छिटो फैलिँदैन र यसको उपचारमा निको हुने धेरै सम्भावना हुन्छ।

**स्तन सुन्निनु**

यदि स्तन अरू बेलाभन्दा असामान्य देखिन्छ जस्तै दुखाइ, रातोपन, सुनिएको छ भने स्तनमा संक्रमण भएको हुन सक्छ। स्तन क्यान्सरको पनि उस्तै लक्षण हुन्छन्। कुनै-कुनै महिलामा स्तनको छाला एकदम बाक्लो हुँदै जाने हुन्छ त्यो पनि स्तन क्यान्सरको लक्षण हो। यो एकदम छिटो फैलन सक्छ। चिकित्सकहरूले बताए अनुसार क्यान्सर रोग समयमै नै पहिचान गर्न सके निको हुने रोग हो। यदि तपाईलाई यी मध्ये कुनै लक्षण पनि देखिएका छन् भने विशेषज्ञ डाक्टरसँग जचाइँहाल्नुस्।

# नेवारी संस्कृति संरक्षण गर्न नेवाः सांस्कृतिक कार्यक्रम

**बिर्तामोड, कात्तिक १८।** नेवारी कला संस्कृतिको संरक्षण र सर्म्वद्धन गर्ने उद्देश्यले झापामा पहिलो पटक नेवाः सांस्कृतिक कार्यक्रमको तयारी गरिएको छ।

नेवाः देय् दव् झापाको आयोजनामा आगामी शनिवार नेवाः सांस्कृतिक कार्यक्रमको तयारी गरिएको नेवाः देय् दव् झापाका अध्यक्ष दिनेश साक्यले जानकारी दिए।

विभिन्न कारणले नेवारी कला संस्कृति लोप हुँदै गएको र त्यसको संरक्षण र सर्म्वद्धन गर्न नेपाल मै दोस्रोपटक तथा प्रदेश नं. १ मा पहिलोपटक नेवाः सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको उनले बताए।




कार्यक्रममा नेपाल सरकारद्वारा युवा पुरस्कार २०७६ बाट पुरस्कृत तथा गोल्डमेडलिस्ट नृत्य गुरु स्वजन रघुवंशीद्वारा नेवार संस्कृतिको पौराणिक तथा ऐतिहासिक पृष्ठभूमि बोकेको कुमारी नृत्य, पञ्चमहाकाल नृत्य, भैरव नृत्य, श्वेत गणेश नृत्य, फकन्तले नाच, बज्रयोगिनी नाच, कात्तिक नाच, ऋतु सम्बन्धी नृत्य, महाकाली नृत्य, कत्थक नृत्य, चर्या नृत्य प्रस्तुत गरिने नेवाः देय दबू झापाकी सचिव तिलरुपा श्रेष्ठले जानकारी दिइन्। त्यस्तै प्रोजेक्ट बाजा नेपाल ब्याण्डले संगीत संयोजन गर्नुका साथै मालश्री धुन, मंगल धुन, वसन्त धुन, सिलु लोमारी धुन, सिनाज्या धुन लगायत प्रस्तुत गर्ने दबूका प्रदेश सदस्य एलसी श्रेष्ठले जानकारी दिए।

नेपाल सम्वत् ११४० को अवसरमा झापाको धुलाबारीस्थित पासाङल्ह्वामु स्मृति जेसिज प्रतिष्ठानमा हुने उक्त कार्यक्रमले झापामा रहेका नेवार समुदाय र अन्य समुदायलाई नेवारी कला संस्कृतिबारे बुझ्ने अवसर पाउने उनले बताए।

# सवारी दुर्घटनाको मुख्य दोषी को ?



लक्ष्मी उप्रेती

भनिन्छ, दुर्घटनाको पीडा अरु कसैलाई होइन स्वयम् आफैलाई थाहा हुन्छ। दुर्घटनाका कारण सयौंको घरवार उजाडिएका छन्। दुर्घटनाकै कारण धेरैको अपाङ्ग भएर जीवन मरणको दोसाधमा रहेर मर्नु न बाच्नु सरह बनेको छ। सडकमा दैनिकजसो हुने सवारी दुघर्टनाले यतिखेर धनजनको ठूलो क्षति हुने गरेको छ। यसले के संकेत गर्छ, यसले के परिणाम ल्याउँछ र नेपालमा सडक दुघर्टना न्यूनीकरण गर्न वा सवारी दुघर्टनाबाट हुने क्षति कम गर्न आगामी दिनमा के गर्नुपर्ला ? समग्ररुपमा भन्नुपर्दा सडक दुघर्टना कसरी कम गर्न सकिन्छ यतिखेर मुख्य चिन्ताको विषय बनेको छ। यति हुँदाहुँदै पनि वास्तवमा खास गरी सुरक्षित यात्राको चिन्ता कसलाई बढी हुन्छ ? अनि दुर्घटनाको मुख्य दोषी चाहिँ को हो ? आम सर्वसाधारणमा चासोको विषयको बनेको छ।

प्रहरीको तथ्यांकलाई हेर्ने हो भने चालक नै यसको दोषी देखाउँछ। किनकि प्रहरी प्रधान कार्यालयले ७० प्रतिशतभन्दा बढी दुर्घटना चालकको लापरवाही हुने गरेको विश्लेषण गरेको छ। १० हजार १३ वटा दुर्घटना मध्ये सात हजार चार सय ३२ वटा घटना चालकको लापरवाहीले भएको प्रहरीसँग तथ्याङ्क छ। यातायात व्यवस्थापनको जिम्मा पाएको १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरी सुनसरीकै तथ्याङ्कले पनि यसलाई पुष्टि गर्छ। आर्थिक वर्ष २०७४/०७५, आर्थिक वर्ष २०७५/०७६ र चालू आर्थिक वर्ष २०७६/०७७ को कत्तिक ९ गतेसम्म १ नम्बर प्रदेशभरि एक हजार तीन सय ५८ वटा सवारी दुर्घटना चालकको लापरवाहीले भएको निष्कर्ष छ। एक हजार २३ दुर्घटना तीव्रगतिका कारण भएका छन्। मादकपदार्थ सेवन गरी सवारी चलाउँदा ८६ वटा दुर्घटना भएका छन्। यो त १ नम्बर प्रदेशको मात्र हो। सातवटा प्रदेशमा यस्ता घटनाका तथ्याङ्क कति होला ?

नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा बितेको वर्ष भएका १० हजार नौ सय ६५ वटा सवारी दुर्घटनामा परेर दुई हजार पाँच सय ४१ जनाको ज्यान गएको थियो। सोही दुर्घटनामा १२ हजार तीन सय ९१ जना घाइते भए। विगत पाँच वर्षको प्रहरी तथ्याङ्कले सवारी दुर्घटनमा मृत्यु र घाइतेको संख्या क्रमिकरुपमा बृद्धि भएको देखाएको छ। प्रहरीका अनुसार पाँच वर्षमा दुर्घटनाको संख्यामा ३०, मृत्युमा ४२ र घाइतेको संख्यामा आठ प्रतिशतले वृद्धि भएको छ। अनि के साच्चै दुर्घटनाको मुख्य दोषी चालक नै हुन त ? यो कुरा यातायातसँग सम्बद्ध संघ-संस्थाका प्रमुख पदाधिकारीहरु स्वीकार्न तयार छैनन्। अनि गल्ती सबै चालककै टाउकामा हालेर पन्छिन पनि मिल्दैन। यसमा राज्य चाहिँ दोषी छ कि छैन ? सांसदले त यातायात व्यवसायीको सिण्डिकेट र सडक खराव भएका कारण यात्रुले सडक दुर्घटनामा ज्यान गुमाउन परेको बताइरहेका छन्। सडकको दुरावस्थाका कारण भएका दुर्घटनाको जिम्मा सरकारले लिनुपर्छ कि पर्दैन ? यो प्रश्न सरकारसँग तेर्सीएको छ।

सवारीसाधन गुड्ने सडकको अवस्थाका बारेमा सरकारको ध्यान जान जरुरी छ। सडकको क्षमता अनुसार सवारीसाधन दर्ता गर्नुपर्छ। पर्याप्त स्रोतसाधन तथा जनशक्तिको व्यवस्था सरकारले गर्नुपर्छ। यातायात व्यवस्थापनको जिम्मा पाएको १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरी सुनसरीले एक हजार पाँच सय दुई वटा सवारीसाधानको निगरानी गर्नुपर्छ। जहाँ तीन सय ८० ट्राफिक जनशक्ति छ। यति जनशक्ति पर्याप्त हो वा होइन सम्बन्धित पक्षले बुझ्ने कुरा हो। अहिले सो कार्यालय अन्तर्गतका ट्राफिक प्रहरी मध्ये प्रत्येक एकजनाले ३७ दशमलव ३३ किलोमिटर सडक हेर्नुपर्छ। यो सम्भव छ। अनि दुर्घटनाका कारण वा दोषी चालक हुन भनेर सरकार पन्छिन मिल्छ ? यदि चालकहरुकै लापरवाहीका कारणे सडक दुर्घटना भएको ठहर हो भने यसको न्यूनीकरणका लागि सरकारले अझै प्रभावकारी कार्यक्रमहरु ल्याउनुपर्‍यो। सरकारले अघि सारेको सिर्जनशील जनचेतनामूलक कामले हरेक चालकहरुलाई आफ्नो जिम्मेवारप्रति इमान्दारीपूर्वक सजग रहन प्रेरणा र हौसला मिल्नु पर्‍यो। अनि नल्याएको पनि होइन।

अधिकांश दुर्घटना चालकको लापरवाहीले हुने निष्कर्ष निकाल्दै चालकहरुकै लापरवाहीका कारण हुने सडक दुर्घटना न्यूनीकरणका लागि सरकारले प्रभावकारी कार्यक्रमहरु सिर्जनशील जनचेतनामूलक काम गर्दै हरेक चालकहरुलाई आफ्नो जिम्मेवारप्रति इमान्दारीपूर्वक सजग रहन प्रेरणा र हौसला मिलोस् भन्दै अभियान सञ्चालन गरेको थियो। 'चाडपर्वका बेला सवारी दुर्घटना अधिक हुने गर्दछ त्यसैले दुर्घटना हुनबाट बच्न र बचाउन ट्राफिक प्रहरीले चालकलाई सम्मानपूर्वक प्रशिक्षण दिने गरेको छ। तर, चालक टेर्ने अवस्थामा छैनन् कि जस्तो पनि लाग्छ।' एक ट्राफिक प्रहरी भन्छन्।



हरेक चाडपर्वमा यस्ता अभियान सञ्चालन हुने गर्दछ। यसपटकको चाडपर्वमा १ नम्बर ट्राफिक प्रहरी कार्यालयले ट्राफिक व्यवस्थापनका साथै १ नम्बर प्रदेशका १४ जिल्लाका बसपार्क तथा बिसौनीहरुमा २५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको थियो। लामो दुरीको सवारीचालक नियमानुगमन गर्न सुनसरीको कोशी कटान र झापा दमक तारावारी र भारतीय नम्बरका सवारीसाधन नेपाल प्रवेशको अनुगमन गर्न बिराटनगर, जोगवनी भण्टाबारी, काँकरभिट्टा र पशुपतिनगरमा ट्राफिक कम्युनिकेशन एप्सको प्रयोग गरेको थियो। यदि गर्दा गर्दै पनि चालू आर्थिक वर्ष २०७६/०७७ को कत्तिक ९ गतेसम्ममा तीन सय ८० दुर्घटना हुँदा ७४ जनाको मृत्यु र दुई सय ६९ जना घाइते भएको तथ्याङ्क प्रहरीसँग छ।

तर, प्रहरीले चाहिँ अभियानले निरन्तरता पायो कि पाएन ? अभियान प्रभावकारी भयो कि भएन पछाडि फर्केर हेर्न जरुरी छ कि छैन। चालकहरु पनि आफ्नो जिम्मेवारप्रति सजक रहनुपर्छ। हरेक यात्रुको जीवन चालककै हातमा हुन्छ हरेक यात्रुलाई सकुशल गन्तव्यमा पुर्‍याउनु चालकको दायित्व हो। एउटा चालक उसको दायित्वप्रति जिम्मेवार बन्नु पर्दछ। आफ्नो जिम्मेवारप्रति एउटा चालक सचेत पनि हुनुपर्छ। आर्थिक वर्ष शुरु भएयता झापामा ११ जनाको सवारी दुर्घटना परेर ज्यान गएको छ। ६० वटा दुर्घटना भएका छन्। यसले पनि पुष्टि गर्दछ कि सरकारी अभियान खासै प्रभावकारी बन्न नसकेको।

१ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरी सुनसरीको त्रिवर्षीय दुर्घटना विवरणलाई हेर्दा १ नम्बर प्रदेशका १४ वटा जिल्लाममा आर्थिक वर्ष २०७३/०७४, आर्थिक वर्ष २०७४/०७५, आर्थिक वर्ष २०७५/०७६ र चालू आर्थिक वर्ष २०७६/०७७ को कत्तिक ९ गतेसम्ममा भएका चार हजार तीन सय ४६ वटा दुर्घटनामा परेर एक हजार दुई सय २१ जनाले ज्यान गुमाएका छन्। तीन हजार तीन सय ४७ जना घाइते बनेका छन्।

सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रम गर्नु ट्राफिक नियमबारे सम्बद्ध पक्षलाई जानकारी गराउनु र नियम पालना नगर्नेलाई कारवाही गर्नु ट्राफिक प्रहरीले निर्वाह गर्नुपर्ने दायित्व नै हुन्। तर, ट्राफिक प्रहरीको हेलचेक्र्याइँ दण्डहिनता, सवारीसाधनको बढ्दो चाप, सडकको जीर्ण अवस्था नियम कानूनमा बाँधिन नचाहने प्रवृत्ति पनि अत्यधिक दुर्घटनाका कारण बन्ने गरेको स्वयम् यातायात व्यवसायीहरुको भनाई छ। ट्राफिक प्रहरीको मुख्य काम राजस्व संकलन गरेर हरेक वर्ष वृद्धि गर्ने हो या दुर्घटना न्यूनीकरण गर्ने ? यो पनि एउटा प्रश्न हो।

साउनमा ३२ लाख ६९ हजार पाँच सय, भदौमा ४८ लाख ९३ हजार पाँच सय र असोजमा ३५ लाख ६८ हजार रुपैयाँ गरेर तीन महिनामा एक करोड १७ लाख ३१ हजार रुपैयाँ राजस्व ट्राफिक प्रहरी कार्यालय झापाले संकलन गरेको कारवाहीले मात्र दुर्घटना कम होला ? यसतर्फ पनि विचार पुर्‍याउनु पर्ला कि ? प्रदेश कै कुरा गर्ने हो भने हरेक वर्ष कारवाही भोग्ने सवारीसाधन बढेको बढ्यै छन्। आर्थिक वर्ष २०७३/०७४ मा दुई लाख १२ हजार एक सय २३ वटा सवारीसाधनलाई कारवाही गरेर १२ करोड ६४ लाख १९ हजार दुई सय रुपैयाँ राजस्व संकलन गरेको १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालयले आर्थिक वर्ष २०७४/०७५ मा दुई लाख ६४ हजार छ सय १० वटा सवारीसाधनलाई कारवाही गर्‍यो।

त्यसवापत १६ करोड १६ लाख एक हजार रुपैयाँ राजस्व संकलन गर्‍यो। आर्थिक वर्ष २०७५/०७६ मा दुई लाख ५९ हजार चार सय ७७ वटा सवारीसाधन कारवाहीमा परे। कारवाही स्वरुप १६ करोड ७५ लाख ९८ हजार पाँच सय रुपैयाँ राजस्व खातामा जम्मा भयो। चालू आर्थिक वर्ष २०७६/०७७ को असोज महिनासम्म ६५ हजार आठ सय ४४ वटा सवारीसाधनले सवारी नियम उल्लंघन गर्दा चार लाख ३२ हजार १९ हजार पाँच सय रुपैयाँ संकलन भइसकेको छ। यसरी हेर्दा कारवाहीले मात्र दुर्घटना कम हुन्छ भन्ने कुरामा विश्वास गर्न पनि सकिन्न। ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन गर्ने सवारी चालकलाई कारवाही र जरिवाना मात्रै गर्दै जाने हो भने वर्षैपिच्छे यस्तो संख्या बढ्दै जाने निश्चित रहेको जानकारहरु बताउँछन्।

हुन त प्रहरीले सवारी न्यूनीकरणक प्रयास पनि नगरेको भने होइन। त्यसको प्रतिफल भने अपेक्षा अनुसार हात परेको छैन। छ स्थानमा आरएससीसी चेक प्वाइन्ट सञ्चालन, तीव्रगति नियन्त्रणको लागि राजमार्गमा ११ स्थानमा चेकिङ, दैनिक ५५ देखि ६० स्थानमा मापसे चेकिङ, १ नम्बर प्रदेश हर्न निषेधित प्रदेश कडाईका साथ कार्यान्वयन, ट्याक्टर, पिकअपमा यात्रु ओसारपसारमा पूर्ण रोक, चालकलाई अनिवार्य जुत्ता र चालक तथा सहचालकलाई ड्रेसको प्रयोग लगायतका प्रयासहरु भए पनि दुर्घटना कहालीलाग्दो छ।